शोधनिर्देशक : उप. प्रा. सखिशरण सुबेदी

# कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र

सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह

दोस्रो वर्षको नेपा. शिक्षा ५९८ (आठौँ पत्र ) पाठ्यांशको

प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र


शोधार्थी

कमलप्रसाद न्यौपाने

क्याम्पस रोल नं. १३७

दोस्रो वर्ष परीक्षा क्रमाङ्क ५००१६५/०६६

त्रि.वि.दर्ता नं. ९-३-२४०-८०४-२००१

नेपाली भाषा विभाग

बुटवल बहुमुखी क्याम्पस, बुटवल


२०६८

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको (नेपा.शि.५९८) पाठ्यांशको प्रयोजनको लागि प्रस्तुत शोधपत्र तयार पारिएको हो । **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आदरणीय गुरु उप.प्रा. सखिशरण सुवेदी ज्यूको निर्देशनमा तयार गरेको छु । आफ्ना व्यस्ततालाई थाती राखेर शोधपत्र लेखनमा कुशल निर्देशन र आवश्यक सरसल्लाह दिनुहुने आदरणीय गुरु उप.प्रा.सखिसरण सुवेदी ज्यूप्रति प्रथमतः हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

शोध प्रस्तावलाई उपयुक्त ठानी विभागीय स्वीकृति प्रदान गरी शोधकार्य सम्पन्न गर्न अनुमति दिनुहुने विभागीय प्रमुख, आदरणीय गुरु सह. प्रा. दयाराम बस्याल ज्यूमा पनि म हार्दिक आभार प्रकट गर्दछु । यस शोध कार्यलाई सम्पन्न गर्न उत्प्रेरणा सहित सहयोग गर्नु हुने आदरणीय गुरु सह. प्रा. शिवप्रसाद ज्ञवाली ज्यू प्रति ऋणी छु । यस शोधकार्यलाई गति दिने क्रममा अमूल्य सुझाव सहित मार्ग निर्देशन गर्नुहुने गुरुद्वय सह.प्रा.डा. शिवप्रसाद पौडेल र सालिकराम पौडेल ज्यूप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु ।

मलाई शैक्षिक क्षेत्रमा सफल बनाउन प्रेरित गर्दै विद्यालय तहदेखि विश्वविद्यालय सम्म मन, वचन र कर्मले सहयोग गर्नुहुने आदरणीय मामा डा.लक्ष्मीकान्त पाण्डे ज्यूलाई कहिल्यै बिर्सन सक्दिन । आफू अहोरात्र श्रमको पसिनामा डुबुल्की मार्दै मलाई यहाँसम्म आइपुग्न अनुकूल वातावरण तयार गरिदिनुहुने मेरी जननी लक्ष्मिमा न्यौपाने र जनक स्व. थानेश्वर न्यौपाने लाई यस कार्यको श्रेय दिन चाहन्छु । शोधकार्यलाई समयमै पूरा गर्न प्रेरित गर्ने मेरी प्यारी बहिनी रेस्मा न्यौपानेलाई विशेष धन्यवाद दिन चाहन्छु । यहाँ मेरा भान्जा निरज र जुगुनिलाई पनि सम्झन चाहन्छु ।

मेरो अध्ययन कार्यको सफलताको कामना गर्दै अनुकूल वातावरण तयार पारिदिने अर्धाङ्गिनी पुजासिर्जनाबाट भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा गर्दै धेरै धेरै धन्यवाद दिन चाहन्छु ।यहाँ मेरा प्यारा छोराछोरी सुशान्त र सुनीतिलाई बिर्सन सक्दिन ।

शोधपत्र लेखनका क्रममा आवश्यक सन्दर्भ पुस्तक उपलब्ध गराइ दिनुहुने बुटवल बहुमुखी क्याम्पस पुस्तकालय परिवारप्रति आभारी छु । प्राथमिक सामग्री सङ्कलनका क्रममा आवश्यक सहयोग प्रदान गर्नुहुने श्री ज्ञानोदय रात्रि मा. वि.का प्राचार्य गुरुप्रसाद पौडेल विशेष धन्यवादका पात्र हुनुहुन्छ । शोध अध्ययनका क्रममा आवश्यक सहयोग गर्नुहुने मेरा साथीहरू मिनप्रसाद भट्टराई, रविन्द्र चापागाई (ठिटा) उमेश सापकोटा र दिपक पाण्डेलाई विशेष सम्झन चाहन्छु । समयमा टङ्कण गरी सहयोग गर्नुहुने क्याथफोर्ड कम्प्युटर जोनका गणेश क्षेत्री र माया सुवेदी ज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि बुटवल बहुमुखी क्याम्पस भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

**शोधार्थी**

**कमलप्रसाद न्यौपाने**

**बुटवल बहुमुखी क्याम्पस**

**बुटवल**

# विषयसूची

## अध्याय-एक

## शोध परिचय


| | | |
|---|---|---|
| १.१ | शोध शीर्षक | १ |
| १.२ | शोधपत्रको प्रयोजन | १ |
| १.३ | समस्याकथन | १ |
| १.४ | अध्ययनको उद्देश्य | ३ |
| १.५ | अध्ययनको महत्व र औचित्य | ३ |
| १.६ | पूर्वकार्यको समीक्षा | ५ |
| १.७ | अध्ययनको सीमा | १० |
| १.८ | अध्ययन विधि | १० |

## अध्याय - दुई

# निरन्तर मूल्याङ्कनको सैद्धान्तिक अध्ययन


| | | |
|---|---|---|
| २.१ | परिचय | १२ |
| २.२ | पूर्वपरीक्षण | १६ |
| २.३ | उत्तर परीक्षण | १६ |
| २.४ | निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरु | १७ |
| २.५ | अध्ययनका आधारहरु | १७ |


## अध्याय - तीन

# भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन


| | | |
|---|---|---|
| ३.१ | भाषिक मूल्याङ्कनको परिचय | १९ |
| ३.२ | भाषिक मूल्याङ्कनका सिद्धान्तहरू | २० |
| | ३.२.१ पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण | २१ |
| | ३.२.२ प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट | २१ |
| | ३.२.३ भाषिक सीपको समग्रतामा आधारित भाषा तत्वको मूल्याङ्कन | २२ |

३.२.४ एक युक्तिबाट एक पक्षको मूल्याङ्कन २२

३.२.५ परीक्षणीय वस्तु र युक्तिका बीचको तालमेल २३

३.२.६ परीक्षणका लागि पूर्वयोजना २३

३.३ भाषिक मूल्याङ्कनका प्रकारहरू २४

३.३.१ सामयिक र औपचारिक मूल्याङ्कन २४

३.३.२ विषयगत र वस्तुगत मूल्याङ्कन २४

३.३.३ निरन्तर र अनौपचारिक मूल्याङ्कन २५

३.३.४ एकलबद्ध र समग्रबद्ध मूल्याङ्कन २५

३.३.५ अभिक्षमता र निदानात्मक मूल्याङ्कन २५

३.३.६ उपलब्धि र दक्षतापरक मूल्याङ्कन २६

३.३.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धरण मूल्याङ्कन २६

३.४ भाषिक मूल्याङ्कनका साधनहरू २६

३.४.१ लिखित परीक्षा २७

३.४.२ मौखिक परीक्षा २८

३.४.३ अवलोकन २८

३.५ सारांश २९

# अध्याय - चार

# अध्ययन विधि

४.१ जनसङ्ख्या ३०

४.२ प्रतिनिधि नमुना ३०

४.३ सामग्री निर्माण र प्रयोग ३०

४.४ तथ्याङ्क सङ्कलन ३१

४.५ व्याख्या विश्लेषण ३२

४.६ सारांश ३२

# अध्याय - पाँच

# तथ्याङ्कीय विश्लेषण

५.१ पृष्ठभूमि ३३

५.२ पूर्वपरीक्षण ३३

५.३ कक्षाकार्य , गृहकार्य र अवलोकन विवरण ३५

५.४ पाठगत रुपमा गरिएको सिकाइ उपलब्धिको विवरण ३६

५.५ पूर्वपरीक्षणसंग प्रथम त्रैमासिक परीक्षा मूल्याङ्कनको तुलना ३९

५.५.१ प्रथम त्रैमासिक परीक्षा ३९

५.६ अभिलेख तालिकीकरण ४१

५.७ सारांश ४२

## अध्याय - छ

## पूर्वपरीक्षण र उत्तरपरीक्षणको तुलनात्मक अध्ययन

६.१ पाठगत रूपमा गरिएको अध्ययनको विवरण ४३

६.२ सारांश ४६

६.३ उत्तरपरीक्षण ४६

६.४ पूर्वपरीक्षण र उत्तरपरीक्षणको तुलनात्मक अध्ययन ४७

६.५ सारांश ४९

## अध्याय - सात

## निष्कर्ष र सुझाव

७.१ निष्कर्ष ५०

७.२ सुझावहरू ५१

७.३ शैक्षणिक प्रयोजन ५२

७.४ भावि अध्ययनकालागि सम्भाब्य शीर्षकहरू ५३

**सन्दर्भग्रन्थसूची** ५४

**परिशिष्ट**

**परिशिष्ट क**

**परिशिष्ट ख**

**परिशिष्ट ग**

# संक्षिप्त शब्द

| | | |
|---|---|---|
| त्रि. वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नेपा | : | नेपाली |
| नि.मा.वि | : | निम्न माध्यमिक विद्यालय |
| बु.न.पा. | : | बुटवल नगरपालिका |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| लु. अ. | : | लुम्बिनी अञ्चल |
| वि. सं. | : | विक्रम सम्वत् |
| प्रा. डा. | : | प्राध्यापक डाक्टर |
| उप प्रा. | : | उपप्राध्यापक |
| सह प्रा. | : | सहप्राध्यापक |
| पू. | : | पूर्णाङ्क |
| उ. | : | उत्तीर्णाङ्क |
| प्रा. | : | प्राप्ताङ्क |
| नं. | : | नम्बर |

# अध्याय - एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक '**कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन**' रहेको छ ।

## १. २ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा विभाग एम.एड. द्वितीय वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ समस्याकथन

सामान्यतः विद्यार्थीहरुले विद्यालयभित्र होस् वा बाहिर पाठ्यक्रमको लक्ष्य र उद्देश्यअनुसार हासिल गरेको शैक्षिक प्रगतिको लेखाजोखा गरिने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । शिक्षण सिकाइका क्रममा विभिन्न मूल्याङ्कनका साधन र श्रोतहरूको प्रयोग भए तापनि वास्तविक रूपमा शिक्षणको क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि लेखाजोखा गरी उनीहरूको स्तरयुक्तता ठम्याई सोही अनुसार शिक्षकद्वारा गरिने अध्ययन निरन्तर मूल्याङ्कन हो ।  यो निर्णयात्मक नभई निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित हुने भएकाले यसले विद्यार्थीहरूलाई सुधारात्मकता तर्फ उन्मुख हुन थप उर्जा प्रदान गरी

सिक्ने अवसर दिन्छ । त्यसकारण निरन्तर मूल्याङ्कनलाई अगाडि बढाउने क्रममा विद्यार्थीहरुमा निहित ज्ञान, सीप, क्षमता, थाहा पाउन पूर्वपरीक्षणका रूपमा लिइएको प्रवेश परीक्षाबाट प्राप्त नतिजालाई विश्लेषण गर्दै विद्यार्थीहरूद्वारा सच्याउंदै उनीहरुमा सिकाइ उपलब्धिको स्तर निर्धारण गरी सोही अनुरूप चाल्नुपर्ने कदम निरन्तर मूल्याङ्कन हो ।

मूल्याङ्कनलाई जति कक्षा क्रियाकलापसँग सम्बन्धित गराउन सकिन्छ त्यति नै शिक्षणको गतिविधि यसबाट लाभान्वित हुन जान्छ । विद्यार्थीहरूको सिकाइलाई सबल बनाउन तथा त्यस प्रति उत्प्रेरित गर्न शिक्षकहरूले कक्षामा गरेका मूल्याङ्कनका औपचारिक गतिविधिहरु विशेष उपयोगी हुन्छन् । नेपालको सन्दर्भमा हेर्दा शिक्षाका लागि जसरी आर्थिक पक्षलाई फराकिलो बनाइएको छ त्यसअनुसार शैक्षिक उपलब्धि हुन नसकेको तितो यथार्थलाई हामीले प्रष्ट देखेका छौं । त्यसको प्रभावकारिताको लेखाजोखा गर्ने भरपर्दो परिपाटी नभएकाले विद्यार्थीको सिकाइको गुणस्तर विकासका लागि अध्ययन र अनुसन्धान भएको पनि पाइदैन । यसको एउटा महत्वपूर्ण पक्षको रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको अभाव देखिनु हो । यसै पक्षलाई मध्यनजर गर्दै शिक्षा तथा खेलकुद मन्त्रालयको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना (१९९७) ले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अगाडि सारेको पाइन्छ । यसको अभावमा सिकाइको गुणस्तर मापन प्रायः असम्भव नै देखिन्छ ।

हाम्रो देशमा कतिपय ठाउँमा स्रोत र साधन पुगेको छैन भने कतिपय ठाउँमा उपलब्ध स्रोत र साधनलाई शिक्षण सिकाइ क्रियाकलापमा उपयोगमा ल्याइएको पाइदैनँ । कुनै समयमा सीमित भएर लिइने लिखित परीक्षाले मात्र विद्यार्थीको वास्तविक प्रगति विवरण थाहा पाउन कठिन हुने हुनाले प्रत्यक्ष रूपमा सहभागिताका आधारमा भाषिक प्रगतिको लेखाजोखा गर्नु उपयुक्त हुन्छ । यसैमा आवद्ध रहेर यस शोधपत्रमा निम्न लिखित समस्याहरुलाई केलाउने जमर्को गरिएको छ ।

१) मूल्याङ्कनका साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन के कसरी गर्न सकिन्छ ?

२) विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि निरन्तर मूल्याङ्कन प्रणालीको के कस्तो भूमिका रहेको छ ?

३)	शैक्षिक सत्रको प्रारम्भमा र यसको तीन महिनापछि विद्यार्थीहरूको सिकाइ उपलब्धि स्तरमा के कस्तो प्रगति देखिन्छ ?

## १.४ अध्ययनका उद्देश्यहरू :

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्न लिखित रहेका छन् :

१)	विद्यार्थी मूल्याङ्कनका साधनहरूको के कस्तो प्रयोग भएको छ पहिल्याउनु ,

२)	मूल्याङ्कनका विभिन्न साधनहरूको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्नु,

३)	अभिलेखका आधारमा विद्यार्थीहरुको निरन्तर उपलब्धिको निर्धारण गर्नु,

४)	विद्यार्थीहरूको आवधिक प्रगति विवरणको विश्लेषणात्मक र तुलनात्मक अध्ययन गर्नु ।

## १.५ अध्ययनको महत्व र औचित्य :

विद्यार्थीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गर्ने मुख्यतः दुई तरिका हुन्छन् ती हुन् निर्माणात्मक र निर्णयात्मक । निर्माणात्मकलाई सुधारात्मक मूल्याङ्कन पनि भनिन्छ । यसमा शिक्षण सिकाइ क्रियाकलापमा विषयगत रूपमा विद्यार्थीहरुले हासिल गरेका उपलब्धिहरू, सामाजिक बानी व्यवहार, अतिरिक्त कार्यमा संलग्नता विशेष घटना वा कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ भने निर्णयात्मक मूल्याङ्कनले परीक्षाबाट प्राप्त प्राप्ताङ्कका आधारमा उत्तीर्ण, अनुत्तीर्ण आदि छुट्याउने कार्य गर्दछ । नेपालमा निर्माणात्मक मूल्याङ्कनलाई खासै महत्व दिएको पाइदैनँ । निर्णयात्मक मूल्याङ्कनलाई नै बढी महत्व दिएको पाइन्छ । शिक्षा क्षेत्रमा राष्ट्रले गरेको लगानी सदुपयोग भएको पाइदैन । शिक्षाको गुणात्मक पक्ष पनि क्षीण हुँदै गइरहेको छ । विद्यालयमा कक्षा दोहोऱ्याउने र

बीचैमा छाड्नेको संख्या क्रमशः वृद्धि हुदै गइरहेको छ । यसको प्रमुख कारण निरन्तर मूल्याङ्कन परिपाटीको अभाव हो । त्यसकारण पनि शिक्षण सिकाइलाई प्रभावकारी रूपमा अगाडि बढाउन र बढी भन्दा बढी नतिजा प्राप्त गर्नका लागि निरन्तर मूल्याङ्कन हाम्रो सामु अपरिहार्य देखिन्छ । निरन्तर मूल्याङ्कनले जेहेन्दार विद्यार्थीहरूका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत दिन्छ र त्यसले भाषिक सञ्चारको क्षेत्रलाई अभिवृद्धि गर्न, दोहोऱ्याएर पढ्न, बारम्बार अभ्यासात्मक क्रियाकलापमा सरिक हुन, गृहकार्य गर्न साथै विद्यार्थीहरूलाई अध्ययनमा रुचि जगाई त्यसप्रति उत्प्रेरित गर्न सहयोग पुऱ्याउँदछ ।

हाम्रो देशको सन्दर्भमा कुरा गर्दा नेपाल सरकारले प्राथमिक तह मा १-३ कक्षा सम्मको लागि निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्ने नीति लिएको परिप्रेक्ष्यमा नेपालको पश्चिमाञ्चल क्षेत्र अन्तर्गत रूपन्देही जिल्लाको श्री ज्ञानोदय रात्रि माध्यमिक विद्यालयमा निरन्तर मूल्याङ्कन प्रणाली अपनाइएको छ कि छैन, अपनाइएको भए कति प्रभावकारी रूपमा रहेको छ भन्ने कुराको खोजी गर्नु नै यस अध्ययनको औचित्य रहेको छ । यसका साथै विद्यार्थीको तल्लो तहदेखि माथिल्लो तहसम्म नै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाएर शिक्षण कार्यक्रम संचालन गर्दा कति सफल हुन्छ भन्ने कुराको आँकलन गर्न यसले सहयोग पुऱ्याएको छ । यस शोधले सिकाइको लगातार र नियमित तथा आवधिक लेखाजोखा गर्ने परिपाटी बसाल्न सकिने विश्वास लिएको छ । वास्तममै शिक्षाका लागि राष्ट्रले अधिकतम रूपमा लगानी बढाउने साथै अभिभावकहरुले पनि आफ्ना सन्तानका लागि शिक्षामा गरेको लगानी र मेहेनतलाई नियाल्दा शिक्षण र मूल्याङ्कनका बीच तालमेल हुनुपर्ने देखिन्छ । विद्यालय छाड्ने अनुत्तीर्ण भई कक्षा दोहोऱ्याउने दर बढी हुनु र कक्षामा चढ्ने दर कम हुन गई ठूलो शैक्षिक क्षति हुने धेरै कारणहरु मध्ये एउटा ज्वलन्त कारणको रूपमा परीक्षा प्रणाली पनि  हो । निरन्तर मूल्याङ्कनका माध्यमद्वारा शैक्षिक प्रणालीमा तल्लो तहदेखि माथिल्लो तहसम्म शिक्षण सिकाइमा भएका कतिपय कमजोरीहरू धेरै हदसम्म न्यून गर्न सकिन्छ । त्यसकारण पनि निश्चित रुपमा यस शोधले पठनपाठनसँगै विद्यार्थीको मूल्याङ्कन गर्न र विद्यार्थी केन्द्रित शिक्षण सञ्चालन गर्न सहयोग पुऱ्याउँछ । निम्न माध्यमिक विद्यालयमा मात्र यो शोध केन्द्रित रहने भएतापनि त्यसको सामान्यीकरण नेपालभरि गरेर निरन्तर मूल्याङ्कन प्रणालीबाट प्राप्त हुने शैक्षिक उपलब्धि आंकलन गर्न यसले सहयोग पुऱ्याएको छ ।

शिक्षण सिकाइ कार्यकलापका क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धि आवधिक रूपमा लिइने लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्यको उपलब्धिलाई क.ख.र ग. समूहमा लेखाजोखा गरिएको छ । विद्यार्थीको सिकाइ प्रक्रियागत रूपमा अगाडि बढ्दछ । स्तर वा तहको भिन्नताले उनीहरूमा फरक - फरक ढङ्गले सिकाइ प्रगति देखिन्छ । कुनै कक्षामा पढाइ सुरु गर्दाको स्थिति र पढाइ सकेपछिको स्थितिमा भिन्नता देखिन्छ । सिकाइका क्रममा विद्यार्थीका गल्ती कमजोरीहरु औंल्याइदिने र उनीहरूलाई नयाँ कुरा सिक्न प्रोत्साहन गरेमा सिकाइ प्रगतिको गतिले उचित रूप लिन सक्छ ।

माथि उल्लिखित विभिन्न प्रसंङ्गहरुलाई हेर्दा के भन्न सकिन्छ भने यस अध्ययनको महत्व परीक्षा, कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य आदिका आधारमा विद्यार्थीमा देखिने विवरणको लेखाजोखा गर्नु रहेको छ । यसका साथै निरन्तर मूल्याङ्कनका क्षेत्रमा अध्ययन अनुसन्धान गर्न भावी मार्गदर्शक बन्ने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि विषयमा गहन अध्ययन अनुसन्धान गर्नु भनेको सामान्य कुरा होइन त्यसका लागि गहन अध्ययनका साथै विभिन्न पक्षहरुको आ-आफ्नै महत्व हुन्छ । माथि उल्लिखित शीर्षकअन्तर्गत रहेर गरिएको अध्ययनको स्थिति नगन्य मात्रामा पाइन्छ । हुन त त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत एम. एड्. पार गर्ने उद्देश्यले यस्ता विभिन्न विषयमा अध्ययन अनुसन्धान र विश्लेषण हुने गरेका छन् । यस्ता अध्ययन अनुसन्धानहरू क्षेत्रगत रूपमा हुने गरेका भएता पनि विद्यार्थीको आवधिक मूल्याङ्कनको अध्ययन अत्यन्त न्यून छन् ।

प्रस्तुत शीर्षकसँग सम्बन्धित भएका यसभन्दा अगाडिका केही महत्वपूर्ण अध्ययन अनुसन्धानहरूको संक्षिप्त सिंहावलोकन क्रमैसंग निम्नानुसार प्रस्तुत गरिएको छ ।

## पाठ्यपुस्तक

### क) नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयद्वारा प्रकाशित 'निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय' पाठ्यक्रम विकास केन्द्र वि.सं. २०५९

पाठ्क्रम विकास केन्द्र सानोठिमीले २०५९ सालमा प्रकाशित गरेको 'निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय' पुस्तिकामा निर्माणात्मक मूल्याङ्न गर्दा शिक्षण सिकाइ क्रियाकलापका क्रममा पाठगत रूपमा विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धिहरूको निरन्तर लेखाजोखा गरी अभिलेखका आधारमा विद्यार्थीहरूको स्तर निर्धारण गर्न सकिने कुरा उल्लेख गरिएको छ । साथै यसबाट प्राथमिक शिक्षा कक्षा १-३ सम्मको बढी मात्रामा हुन सक्ने शैक्षिक क्षतिलाई न्यून गरी उदार कक्षोन्नति गर्न सघाउ पुऱ्याउने देखिन्छ ।

### ख) डा. हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण' संशोधित र परिमार्जित संस्करण वि.सं. २०५९

विद्यार्थी पुस्तक भण्डारद्वारा प्रकाशित डा. हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण' मा कार्यकलापका क्रममा शिक्षार्थीहरूले समय-समयमा के-कति प्रगति गरे वा उनीहरुको भाषिक क्षमता वा सम्पादन के कस्तो छ ? वा उनीहरू के कस्ता क्षेत्रमा सक्षम छन् र के कस्ता क्षेत्रमा असक्षम छन् भन्ने कुराको जानकारी जब शिक्षकलाई आवश्यकता पर्दछ तव उक्त जानकारीका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । मूल्याङ्कनद्वारा नै आफ्ना विद्यार्थीहरूको शैक्षिक उन्नति र अवनतिको सही रूपमा लेखाजोखा गर्न सकिन्छ ।

## ग)  डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखन 'नेपाली भाषा र साहित्य शिक्षण' वि.सं. २०६० :

डा. केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको सहलेखनमा तयार पारिएको 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा मूल्याङ्कन विचलित युक्त तथा साधनहरूमध्ये मौखिक लिखित तथा पर्यवेक्षणलाई प्रमुख रुपमा लिइएको छ । पर्यवेक्षण गर्ने सन्दर्भ जाँचसूची र श्रेणी मापनलाई प्रमुख साधनको रूपमा विकास गरी प्रयोग गर्नुपर्ने कुरा पनि उल्लेख गरिएको पाइन्छ ।

## घ)  नवौँ योजनाको कार्यक्रम अनुसार आधारभूत प्राथमिक शिक्षा कार्यक्रमको गुरुयोजना सन् १९९७

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयले नवौँ योजनादेखि प्राथमिक तहको कक्षा १-३ सम्मका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुरुवात गरी विस्तार गर्दै लगेको कुरा उल्लेख छ । यसको गुरुयोजनानुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई देशका विभिन्न जिल्लामा -इलाम, चितवन, स्याङ्जा, सुर्खेत र कञ्चनपुर ) परीक्षण कार्यक्रम सम्पन्न भई दशौं योजना कालमा पनि कक्षा ५ सम्म लागू गर्न उल्लेख गरेको छ ।

## ङ)  डा. हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्मा सहलेखन 'प्रारम्भिक नेपाली शिक्षण' (२०६२)

लेखकद्वय डा. हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको सहलेखनमा तयार पारिएको उक्त पुस्तकमा भाषिक मूल्याङ्कन शीर्षक अन्तर्क्रिया, मूल्याङ्कनका साधनहरु, भाषिक मूल्याङ्कनका लागि प्रश्नहरु, भाषिक सीप र भाषा तत्वको परीक्षण, अभ्यास प्रश्न मूल्याङ्कनको चर्चा गर्ने क्रममा मौखिक, लिखित पर्यवेक्षक, जाँचसूची र श्रेणीमापन जस्ता साधनद्वारा विद्यार्थीहरूको शैक्षिक उपलव्धि मापन गर्न सकिने कुरा उल्लेख गरिएको छ । साथै मूल्याङ्कन गर्दा विभिन्न खाले वस्तुगत, छोटो र निबन्धात्मक प्रश्न निर्माण गर्न सकिने पनि प्रशस्त चर्चा गरिएको छ ।

### च) डा. हेमाङ्गराज अधिकारीको 'भाषाशिक्षण केही परिप्रेक्ष्य : तथा पद्धति' चौथो संस्करण २०६३

यस पुस्तकको खण्ड 'क' पृष्ठ १८८ मा नेपाली भाषाको परीक्षण र मूल्याङ्कनबारे उल्लेख गरिएको  पाइन्छ । यद्यपि औपचारिक मूल्याङ्कनको शिक्षण सिकाइ प्रक्रियासंग प्रत्यक्ष सम्बन्ध  मुख्यतः विद्यार्थीहरूको क्षमता तुलना गर्नु, आंकलन गर्नु तथा स्तर निर्धारण गर्नुमा सीमित भए तापनि यस्ता गतिविधिबाट शिक्षण सिकाइ केही न केही प्रभावित भएको हुन्छ भन्ने कुरा पुष्टि गरेको पाइन्छ ।

## शोधपत्र

### क) पुष्पराज जोशी (२०६३)

नेपाली भाषा शिक्षण विभाग त्रि.वि. कीर्तिपुरबाट वि. सं. २०६३ सालमा डा.

पारसमणि भण्डारीको निर्देशनमा पुष्पराज जोशीद्वारा कक्षा नौमा अध्ययनरत विद्यार्थीको सिकाइ प्रगति अभिलेखको अध्ययन नामक शोधपत्र तयार पारिएको पाइन्छ ।

## ख) तिलबहादुर थापा (बगाले) (२०६४)

त्यस्तैगरी नेपाली भाषा शिक्षण विभाग त्रि.वि. कीर्तिपुरबाट डा. केदारप्रसाद शर्माको निर्देशनमा तिल ब. थापा (बगाले) द्वारा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको आवधिक प्रगति विवरणको अध्ययन नामक शोधपत्र तयार पारिएको पाइन्छ ।

## ग) मीनप्रसाद अधिकारी (२०६४)

नेपाली भाषा शिक्षण विभाग त्रि.वि. कीर्तिपुरबाट डा. हेमाङ्गराज अधिकारीको निर्देशनमा मीनप्रसाद अधिकारीद्वारा कक्षा तीनका विद्यार्थीहरूको नेपाली सिकाइको आवधिक प्रगति विवरण अध्ययन नामक शोधपत्र तयार पारिएको पाइन्छ ।

## घ) ऋतुसिंह ठकुरी (खाँड) (२०६५)

त्यस्तैगरी नेपाली भाषा शिक्षण विभाग त्रि.वि. कीर्तिपुरबाटै उपप्रा. राजेन्द्रप्रसाद पौडेलको निर्देशनमा ऋतुसिंह ठकुरी (खाँड) द्वारा 'चितवन सहिद स्मृति माध्यमिक विद्यालयका कक्षा ८ का विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन' नामक शोधपत्र तयार पारिएको पाइन्छ ।

## ङ) सुरज पौडेलद्वारा तयार पारिएको प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरुको अध्ययन, वि.सं. २०६०

खोज तथा अध्ययन अनुसन्धान कै क्रममा पौडेलद्वारा तयार उक्त शोधपत्रमा भाषिक कुशलताको मूल्याङ्कन गर्ने साधन र तरिकाहरू उल्लेख गर्दै कुन साधन बढी उपयुक्त छ ? र कुन- कुन साधन अपनाउनु पर्छ ? भन्ने कुराको चर्चा गरिएको पाइन्छ । उक्त शोधपत्रमा लेखाइ परीक्षणलाई अझ सुधार गर्न र सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपको मूल्याङ्कन गर्नुपर्छ भन्ने कुरालाई प्राथमिकता दिइएको छ ।

यी पाँचै जना शोधार्थीको शोधपत्रमा निरन्तर मूल्याङ्कनबाट प्राप्त सिकाइ उपलब्धिको आवधिक रूपमा अभिलेख राख्ने र तुलनात्मक रूपमा विद्यार्थीको प्रगति आंकलन गर्ने उद्देश्य लिएर अध्ययन गरिएको कुरा प्रष्ट हुन्छ ।

## पत्रपत्रिका :

### क) पाठ्क्रम विकास केन्द्र सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित प्राथमिक तहमा नेपाली शिक्षण कसरी गर्ने ? भन्ने पुस्तिकामा पनि विद्यार्थीहरूले नेपाली सिकाइ प्रगति लेखाजोखा सम्वन्धी जानकारी उल्लेख भएको पाइन्छ ।

### ख) पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुर

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा नै प्रकाशित 'निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक तालिम' पुस्तिकामा विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन सम्बन्धि कुरा उल्लेख भएको पाइन्छ ।

माथि उल्लिखित आधारबाहेक विद्यार्थीहरूको आवधिक प्रगति विवरणको अध्ययन नभएको हुँदा कक्षा छ का विद्यार्थीहरूमा नेपाली भाषा सिकाइको गतिविधि अवलोकन गरी त्यसको अभिलेख राखेर विद्यार्थीहरूको आवधिक प्रगति विवरण तयार गरिएको छ । जुन कार्य अद्यापि कसैबाट भएको छैन ।

## १.७ अध्ययनको सीमा

प्रस्तुत शोधपत्र पश्चिमाञ्चल क्षेत्र, रुपन्देही जिल्लाको बु.न.पा. ७ मा अवस्थित 'श्री ज्ञानोदय रात्रि मा.वि.' मा अध्ययनरत कक्षा ६ का विद्यार्थीहरूलाई मात्र नमुनाका रुपमा लिइएको छ । साथै उनीहरूको प्रगति विवरण थाहा पाउन निरन्तर मूल्याङ्कन प्रणाली अपनाई पाठगत रूपमा विद्यार्थीहरूका भाषिक व्यवहार, कक्षाकार्य, गृहकार्य र लिखित परीक्षा प्रश्नोत्तर आदिको माध्यमबाट नेपाली भाषा सिकाइ र तिनको उपलब्धि, प्रगति विवरण देखाउनमा सीमित रहेको छ ।

१) प्रत्येक दिन नेपाली विषयको (३० मिनेट) एक घण्टीका दरले हप्तामा ६ घण्टीका दरले समय उपयोग गरी गरिएको शिक्षण र मूल्याङ्कनमा मात्र सीमित रहेको छ ।

२) अध्ययनमा कक्षाकार्य र गृहकार्यलाई मात्र कक्षाको निरन्तर मूल्याङ्कनको आधार बनाइएको छ ।

३) त्यसपछि प्रवेश परीक्षा र शिक्षण अवधि (तीन महिना) समाप्त भइसकेपछिको समय सीमामा रही अध्ययन कार्य पूरा गरिएको छ ।

## १.८ अध्ययन विधि

यस शोधकार्य सम्पन्न गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीसँग सम्वन्धित विधि प्रयोग गर्दै निम्नलिखित चरणहरु पूरा गरिएको छ ।

१) श्री ज्ञानोदय रात्रि माध्यमिक विद्यालय कक्षा ६ मा अध्ययनरत सबै विद्यार्थीलाई प्रयोग समूह मानिएको छ ।

२) कक्षा ६ को 'हाम्रो नेपाली किताब' तीन महिनाको शिक्षण पश्चात् विद्यार्थीमा देखिएको नेपाली भाषा सिकाइको आवधिक प्रगति विवरण प्रस्तुत गरिएको छ ।

३) अध्ययन प्रक्रियालाई अगाडि बढाउने क्रममा सर्वप्रथम पूर्वपरीक्षण गरिएको छ । साथै डेढ घण्टाको समय अवधि तोकी परीक्षणका लागि उक्त पाठ्यपुस्तकबाट ५० पूर्णाङ्कका प्रश्नहरू सोधिएको छ ।

४) तत्पश्चात् प्रत्येक विद्यार्थीका उत्तरपुस्तिकाहरूको प्रचलित मान्यताका आधारमा परीक्षण गरी प्राप्ताङ्कलाई तालिकामा राखी अध्ययन गरिएको छ ।

५) पूर्व परीक्षणबाट प्राप्त उपलब्धिलाई निरन्तर (९० दिनको ) मूल्याङ्कनको पूर्वार्द्ध चरण वा एक अंश मानेर अन्त्यमा ती दुवैको प्रगति विवरण बीच तुलना गर्ने कार्य गरिएको छ ।

६) कक्षा शिक्षण सिकाइमा देखाइने सहभागिताको अवलोकन विधिका माध्यमले कक्षाकार्य, गृहकार्य र अवलोकन तालिकाद्वारा प्रस्तुत गरिएको छ । साथै यस्तो अभिलेखलाई शोधपत्रको तालिकामा समावेश गरिएको छ ।

७) विद्यार्थीहरूले हासिल गरेका सिकाइ उपलब्धिलाई कक्षाकार्य, गृहकार्य र अवलोकन तालिकाद्वारा प्रस्तुत तरिएको छ । साथै यस्तो अभिलेखलाई शोधपत्रको तालिकामा समावेश गरिएको छ ।

८) दोश्रो तीन महिनाको अवधि (दोश्रो त्रैमासिक) मूल्याङ्कनको अवधिलाई अन्तिम चरण मानेर प्रत्येक त्रैमासिकको उपलब्धि बीच तुलना गरेर पाठगत आधारमा

गरिएको गृहकार्य र कक्षाकार्यगत मूल्याङ्कनलाई समेत तालिकीकरण मार्फत प्रस्तुत गरिएको छ ।

९) निरन्तर मूल्याङ्कन तथा तीन महिना पछि गरिएको अन्तिम मूल्याङ्कनबाट प्राप्त हुने तथ्याङ्कलाई विभिन्न आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# अध्याय-दुई

# निरन्तर मूल्याङ्कनको सैद्धान्तिक अध्ययन

## २.१. परिचय

परीक्षणीय वस्तुलाई निर्धारित स्तरका अनुपातमा उक्त वस्तु कुन तहमा छ भनी लेखाजोखा र छानविन गर्नु मूल्याङ्कन हो । मूल्याङ्कन संख्यात्मक र व्याख्यात्मक विश्लेषण हो जसले सिकारुले हासिल गरेका उपलब्धिहरूलाई जाँचबुझ गरी निर्णय दिने कार्य गर्दछ । मूल्याङ्कनको क्षेत्र व्यापक र विस्तृत छ । मानवजीवनका यावत कार्यहरू मूल्याङ्कनको परिधिमा परिवेष्टित छन् । भाषाशिक्षणका सन्दर्भमा मूल्याङ्कनको महत्व अत्यन्तै उच्च रहेको देखिन्छ ।

मूल्याङ्कन व्यक्तिको दैनिक जीवनका कार्यदेखि लिएर सामाजिक, आर्थिक, राजनैतिक, व्यावहारिक कार्यहरूसँग सम्वन्धित छ । जुनसुकै विषयवस्तुमा निहित गुणदोष केलाई सबल पक्षलाई प्रोत्साहन र दुर्बल पक्षलाई निरुत्साहित गर्ने कार्य मूल्याङ्कनबाट हुन्छ । शिक्षणसिकाई कार्यकलापका क्रममा प्रत्येक विद्यार्थीले हासिल गरेका सिकाइ उपलव्धिहरुको विधिसम्मत तरिकाले लेखाजोखा गरी उनीहरूलाई सुधार तर्फ अभिप्रेरित गर्नु निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यो निर्माणात्मक प्रकृतिको हुन्छ । जव विद्यार्थीहरू विद्यालयमा पढ्न जान्छन् त्यसबेलादेखि नै उनीहरुको सिकाइ उपलब्धिहरूकको लेखाजोखा गर्ने कार्य सुरु हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने क्रममा उनीहरुको पठनपाठन के-कति प्रभावकारी ढंगबाट अगाडि बढेको छ ? विद्यार्थीको दक्षता, रुचि, आवश्यकताका आधारमा उपयुक्त शिक्षण विधि, सामग्री भौतिक सुविधा आदिको समुचित व्यवस्था छ वा छैन त्यसका आधारमा विद्यार्थीको सिकाइ क्षमता प्रभावित हुने कुरा यहाँ विचारणीय हुन्छ ।

खासगरी विद्यार्थीको सिकाइ उपलब्धिको मूल्याङ्कन गर्ने तरिका मुख्यतः दुई किसिमका हुन्छन् । ती हुन् - निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन । शिक्षण सिकाइ कार्यकलापमा देखापर्ने कुनैपनि समस्या समाधानका लागि गरिने मूल्याङ्कन निर्माणात्मक मूल्याङ्कन हो । यसमा विद्यार्थीहरूले हासिल गरेका शैक्षिक उपलब्धि, सामाजिक बानी, व्यवहार, अतिरिक्त कार्यमा संलग्नता विशेष घटना वा कार्यको निरन्तर लेखाजोखा गरी अभिलेख राखिन्छ । यसलाई सुधारात्मक मूल्याङ्कन पनि भनिन्छ । कुनै पनि शैक्षिक योजनाको कार्यान्वयनका क्रममा निरन्तर रूपमा गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ । यो मूल्याङ्कन कुनैपनि शैक्षिक संस्थामा शैक्षिक सत्रको सुरुदेखि अन्त्यसम्म विभिन्न किसिमका मूल्याङ्कनका प्रक्रिया अपनाई गरिने मूल्याङ्कन हो ।

निर्माणात्मक मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कनको ठीक विपरीत मूल्याङ्कन हो । कक्षाकोठामा शिक्षण सुधार गर्न यो मूल्याङ्कन लागू हुँदैन । यसमा शिक्षण सिकाइको अन्त्यमा विद्यार्थीहरूलाई कलम, कापीको माध्यमबाट परीक्षा लिई उनीहरुको मूल्याङ्कन गरिन्छ । शिक्षण कार्यक्रमको वैधता पत्ता लगाउनका लागि यो मूल्याङ्कन प्रयोग गरिन्छ । निर्णयात्मक मूल्याङ्कनले यसपूर्व गरिसकेका शैक्षणिक कार्यक्रममा रहेका गुण, विशेषता, उपलब्धि आदिलाई एकीकृत गरी लेखाजोखा गर्दछ । त्यसको ठोस प्रामाणिक निर्णय प्रदान गर्दछ । निर्णयात्मक मूल्याङ्कनमा पास फेलको औपचारिक प्रमाणपत्र दिने, कक्षा उकास्न प्रवेश दिने वा नदिने जस्ता कार्यकलापहरू हुन्छन् । उत्तीर्ण, अनुत्तीर्ण, प्रथम, द्वितीय, तृतीय छुट्याउनु यसका उदाहरण हुन् । यसैगरी अर्धवार्षिक परीक्षा, वार्षिक परीक्षा एवम् अन्य परीक्षाहरु यसका उदाहरण हुन् ।

मूल्याङ्कन कुनैपनि क्षेत्रमा नभई नहुने एउटा महत्वपूर्ण प्रक्रिया हो । मूल्याङ्कनले व्यक्तिको जीवनका कार्यदेखि लिएर राजनैतिक, आर्थिक, सामाजिक र व्यावहारिक कार्यहरूसँग सम्वन्ध राख्दछ । जुनसुकै कार्यहरूको पनि त्यसमा निहित गुण र दोषहरू केलाई सबल पक्षहरूलाई प्रोत्साहित गर्न, दुर्बल पक्षहरूलाई निरुत्साहित गर्न मूल्याङ्कनले सहयोग गर्दछ । मूल्याङ्कन अन्तर्गत शिक्षकले कुनैपनि विषयवस्तुको अध्यापन गर्नुभन्दा पूर्व त्यसका निर्धारित उद्देश्यहरू के-के हुन् ? त्यस विषयवस्तुको शिक्षण प्रक्रिया के हो ?

त्यसमा प्रयोग हुन सक्ने शैक्षिक सामग्रीहरु के-के हुन् ? मूल्याङ्कन प्रक्रिया के हो ? पढ्नु पर्ने विषयवस्तुको उपयोगिता के हो ? आदि यावत् कुराहरू विशेष रूपमा हेरिन्छ । त्यसपछि क्रमश : विद्यार्थीहरूको व्यवहारमा अपेक्षित परिवर्तन भयो वा भएन र के कस्ता कुराहरू परिवर्तन र परिमार्जन गर्नु पर्दछ र के कस्ता उपायहरू कार्यान्वयन गर्नु पर्दछ भन्ने कुरा पत्ता लगाउन मूल्याङ्कन गर्नु अत्यावश्यक देखिन्छ ।

यसरी हेर्दा मूल्याङ्कनलाई सबै पक्षका लागि अनुसन्धानको दरिलो आधारको रूपमा लिन सकिन्छ । माथि उल्लिखित विभिन्न प्रसंगहरुलाई केलाउदा निरन्तर मूल्याङ्कनको व्यापकता थाहा पाउनका लागि यसका उद्देश्य र कार्यहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. विद्यार्थीहरको शैक्षिक स्तर पत्ता लगाउनु,

२. शैक्षिक कार्यहरूको उद्देश्य पूरा भए नभएको जानकारी प्राप्त गर्नु,

३. सिकारुका कमजोर पक्ष पत्ता लगाई आवश्यक पृष्ठपोषण दिनु,

४. सिकारुलाई सिकाइप्रति अभिप्रेरित गर्दै शैक्षणिक कार्यकलापमा सक्रिय रूपमा सहभागी गराउनु,

५. शिक्षकका कमी कमजोरीहरू पत्ता लगाई त्यसमा आवश्यक सुधार गर्नु,

६. आवश्यकतानुसार शैक्षिक प्रशासन र व्यवस्थापनका साथ पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणविधि र शिक्षण सामग्रीमा सुधार ल्याउनु,

७. कक्षा दोहोर्‍याउने र बीचैमा छाड्ने विद्यार्थीको संख्या कम गर्नु,

८. विद्यार्थीहरूलाई नियमित विद्यालय आउने वातावरण उपलब्ध गराई उनीहरूलाई परीक्षामा अनुत्तीर्ण हुने सन्त्रास हटाउनु,

९. शिक्षाको गुणात्मक विकासमा टेवा पुर्‍याई मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित बनाई प्रभावकारी सिकाइको लागि उपयोग गर्नु,

१०. विभिन्न शैक्षणिक साधन र माध्यमको प्रयोग गरी विद्यार्थीको सिकाइको लगातार र नियमित लेखाजोखा गर्ने परिपाटी बसाल्नु,

११. प्राथमिक तहमा उदारकक्षोन्नतिको नीति लागू गरी शैक्षिक क्षति कम गर्नु आदि ।

विद्यार्थी मूल्याङ्कन गर्नु भनेको उनीहरूको कार्य सम्पादनको लेखाजोखा गर्नु हो । शिक्षण संस्थाभित्र हुने औपचारिक शिक्षण सिकाइले मात्र उनीहरूका सम्पूर्ण पक्षलाई (ज्ञानात्मक, भावनात्मक, मनोक्रियात्मक) लेखाजोखा गर्न सकिदैन । यसका लागि अन्य विभिन्न आधारहरू रहेका हुन्छन् । जस्तो उनीहरूलाई खेलकुद, मनोरञ्जन, वादविवाद, वक्तृत्वकला, घटनावृत जस्ता विभिन्न प्रतियोगितात्मक कार्यहरूमा पनि सक्रिय रूपमा सहभागी हुने वातावरण तयार गरिदिनुपर्दछ । यसका साथसाथै उनीहरूलाई सकारात्मक सोचका साथ अगाडि वढ्न उत्प्रेरित गर्नुपर्दछ । जुनसुकै विषयवस्तुको पनि खासखास उद्देश्य निर्धारण गरिएको हुन्छ । त्यसका साथै ती उद्देश्यानुरुप शिक्षण गरिसकेपछि विभिन्न किसिमका परीक्षा सम्वन्धी योजनाहरूको निर्माण गर्नु, प्रश्नपत्र तयार गर्नु, उनीहरूले उत्तर प्रस्तुत गरे अनुसार अंक प्रदान गर्नु, उनीहरूको श्रेणी विभाजन गर्नु, शैक्षणिक सुधारका आवश्यक पक्षलाई लागू गर्नु, विद्यार्थीको बानी व्यवहार अपेक्षित भयो वा भएन निर्क्यौल गर्नु यी सवै कुरा विद्यार्थी मूल्याङ्कन भित्र पर्दछन् ।

वास्तवमा शिक्षण सिकाइलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि एकोहोरो शिक्षण कार्यले मात्र अपेक्षित वा वास्तविक उपलब्धि हासिल गर्न सकिदैन । शिक्षण सिकाइको प्रभावकारिता, विद्यार्थीमा के कस्ता अपेक्षित उद्देश्यहरू हासिल हुन सके वा सकेनन्, पाठ्य सामग्री वा पूरक सामग्रीहरूको स्तर र उपयोगिता के कस्तो भयो जस्ता यावत् प्रश्नहरु छन, जसले शिक्षणमा निरन्तर मूल्याङ्कनको अनुगमनको खाँचो पर्दछ । त्यसका साथ साथै यस किसिमको मूल्याङ्कन रचनात्मक प्रकृतिको हुनुपर्छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरुले विभिन्न किसिमका त्रुटिहरु गर्ने गर्दछन त्यस्ता त्रुटिहरूलाई सुधार गर्न भाषा शिक्षकले निरन्तर रुपमा सहयोग गर्नु पर्दछ । विद्यार्थीहरुलाई प्रयोगमूलक

कार्यकलापमा सक्रियताका साथ सहभागी गराई रचनात्मक कार्यतर्फ लाग्न अभिप्रेरित गरिरहनुपर्दछ । सन्दर्भानुसार उनीहरूलाई मौखिक प्रश्नोत्तर र कहिलेकाँही सीपगत आवश्यकतानुसार लिखित प्रश्नोत्तरमा पनि सहभागी गराई शिक्षण सिकाइ कार्यकलापको प्रभावकारिता र उपयोगिता थाहा पाउनु पर्दछ । शिक्षण सिकाइ कार्यकलापकै क्रममा विभिन्न किसिमका समसामयिक विषयवस्तुहरुमा परीक्षा संचालन गरी उनीहरूबाट उपलब्धिको लेखाजोखा गरी त्यसको अभिलेख राख्नु पर्दछ । साथै त्यस अभिलेखका आधारमा विद्यार्थीहरूको स्तर, समूहनिर्धारण प्रकृया अपनाउनु पर्दछ । शिक्षण सिकाइ कार्यकलापका क्रममा विभिन्न किसिमका शिक्षण पद्धतिहरू भएतापनि खासगरी चक्रीय पद्धति अपनाई मूल्याङ्कनको उपयोग गरेर भाषा शिक्षणलाई रचनात्मक, सुधारमुखी एवम् पृष्ठपोषणमुखी बनाइरहनु उपयुक्त हुन्छ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूले सिकाइको विषयवस्तुलाई के-कस्तो रुपमा ग्रहण गर्न सके ? के-कस्ता कुराहरु सिक्न कठिनाइ भयो ? साथै उनीहरुले सिकाइका क्रममा के-कस्ता त्रुटिहरू गर्दा रहेछन् र ती त्रुटिहरुलाई कसरी सुधार गर्न सकिन्छ भन्ने कुराको जानकारी मूल्याङ्कनबाट मात्र प्राप्त हुन्छ । शिक्षणका क्रममा विद्यार्थीहरुले प्रयोग गर्ने भाषा वा उनीहरूको भाषा सिकाइ सुधार र सुदृढ गर्न मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा त्रुटि पहिचान गरी तिनीहरूको निराकरण गर्नुपर्ने हुन्छ । निरन्तर मूल्याङ्कन प्रकृयाबाट भाषा सिकाइ विधि र शिक्षण सिकाइ कार्यकलापलाई अत्यन्तै सहयोग पुग्दछ ।

यसरी माथि उल्लिखित विभिन्न प्रसंगहरूलाई केलाउँदा शिक्षण सिकाइलाई प्रभावकारी ढंगबाट अगाडि बढाउनुका साथै चिरस्थायी बनाउनका लागि निरन्तर मूल्याङ्कन अत्यन्तै प्रभावकारी र महत्वपूर्ण छ भन्ने कुरा स्पष्ट हुन आउँछ । भाषाशिक्षणमा निरन्तर मूल्याङ्कनको सिद्धान्तका माध्यमले विद्यार्थीहरूको भाषिक सीप विकासको स्तरलाई उन्नत र परिष्कृत बनाउन निकै मद्दत गर्दछ । निरन्तर मूल्याङ्कनले शिक्षकका साथ-साथै शिक्षण संस्थामा रहेका विविध पक्षहरूलाई सक्रिय गराउँदछ । त्यसैले गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन अपरिहार्य रहेको पाइन्छ ।

## २.२ पूर्वपरीक्षण

सामान्यत : यस शीर्षकमा शोधपत्र तयार गर्नका लागि मुख्यत : दुई किसिमका परीक्षण गर्नु अनिवार्य छ । पूर्वपरीक्षण र उत्तरपरीक्षण । पूर्वपरीक्षण भनेको आफूले कार्य गर्नु भन्दा पूर्व जाँच वा परीक्षण गर्नु हो । आफूले अध्ययन गर्नु भन्दा पहिले अध्ययनरत विद्यार्थीको वर्तमान सिकाइ अवस्था कस्तो छ वा उनीहरूको सिकाइ उपलब्धि के-कस्तो मात्रामा अगाडि बढेको छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि पूर्व परीक्षण गर्नु अनिवार्य रहेको छ । जुनसुकै क्षेत्रमा पनि विभिन्न पक्षमा विभिन्न समस्याहरू आउन सक्छन् भन्ने कुराको निर्धारण गर्न पूर्वपरीक्षणको आवश्यकता पर्दछ । त्यसैका आधारमा ती समस्याहरु र त्यसको कठिनाइको स्तर आदिको जानकारी प्राप्त गर्न सकिन्छ । त्यसका लागि सोही आधारमा आफ्नो लक्ष्यलाई अगाडि बढाउनु पर्दछ । पूर्वपरीक्षणले अध्ययन कार्यको ठोस प्रमाण प्रस्तुत गर्न बेजोड सहयोग पुऱ्याउँदछ । यसकारण अध्यापन गर्नु पूर्व पूर्वपरीक्षण अनिवार्य छ ।

## २.३ उत्तर परीक्षण

कुनैपनि कार्य गर्नु भन्दा पहिले गरिने परीक्षण पूर्वपरीक्षण हो भने कार्यसम्पन्न गरिसकेपछि त्यसमा के कस्तो उपलब्धि हासिल भयो भनी गरिने परीक्षण उत्तरपरीक्षण हो । अथवा उत्तरपरीक्षणले विद्यार्थीहरूले निरन्तर मूल्याङ्कनको अन्तिम परीक्षामा के कस्ता उपलब्धिहरू हासिल गरे भन्ने कुराको बोध गराउँदछ । विद्यार्थीमा आएको परिवर्तन कक्षाकार्य, गृहकार्य, अर्धवार्षिक, वार्षिक परीक्षाले मात्र आँकलन गर्ने परम्परावादी पद्धतिले मात्र वर्तमान समयमा नहुने कुरा निरन्तर मूल्याङ्कनबाट प्रष्ट हुन आउँछ । उत्तरपरीक्षणले विद्यार्थीहरूको शैक्षिक उपलब्धिलाई जनाउने हुनाले शिक्षण कार्यकलापमा यसको महत्त्व र उपादेयता वढी नै छ भन्ने कुरा स्वत : सिद्ध हुन्छ ।

## २.४ निरन्तर विद्यार्थी मूल्याङ्कनका विशेषताहरू

१. शिक्षण सिकाइ कार्यकलापका क्रममा आवश्यकतानुसार बारम्बार गरिने मूल्याङ्कन नै निरन्तर मूल्याङ्कन हो ।

२. निरन्तर मूल्याङ्कन औपचारिक भन्दा अनौपचारिक मूल्याङ्कन भएकोले यसलाई जुनसुकै समयमा पनि जुनसुकै माध्यमहरू (मौखिक, लिखित, प्रश्नोत्तर अवलोकन आदि) अपनाई विद्यार्थीको विगत र वर्तमानको मूल्याङ्कन गर्न सकिन्छ ।

३. निरन्तर मूल्याङ्कन सुधारात्मक मूल्याङ्कन प्रणालीमा आधारित भएको हुँदा यस मूल्याङ्कनले विद्यार्थीलाई कक्षा चढाउने भन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणको रूपमा कार्य गर्दछ ।

४. विद्यार्थीको सिकाइमा निहित कमजोर पक्ष पत्ता लगाउन उपचारात्मक ढंगबाट शैक्षणिक कार्यकलापलाई अगाडि वढाउन सहयोग गर्दछ ।

५. शिक्षण संस्था भित्र हुने औपचारिक कार्यकलापलाई मात्र मूल्याङ्कनको आधार नवनाई अतिरिक्त कार्यकलापमा विद्यार्थीलाई सहभागी गराई सिकाइप्रति अभिरुचि जगाउँदछ।

## २.५ अध्ययनका आधारहरू :

आवधिक प्रगति विवरणको अध्ययन गर्नका लागि मुख्यगरी दुई किसिमका आधारहरू अपनाउनु उचित देखिन्छ । ती आधारहरू हुन्- १. आन्तरिक आधार, २. बाह्य आधार । प्रस्तुत शोधपत्रमा पनि यी दुई आधारलाई अवलम्वन गरिएको छ ।

### १. आन्तरिक आधार :

आन्तरिक आधारमा विद्यार्थीको नियमित अवलोकन गरी अध्ययन गरिन्छ । शैक्षणिक कार्यकलापका क्रममा विद्यार्थीले कक्षाकोठामा देखाउने सहभागिताका विभिन्न पक्ष जस्तै-

कक्षाकार्य, गृहकार्य उनीहरुको व्यावहारिक परिवर्तन, हस्तलेखन क्षमता जस्ता कम औपचारिक परीक्षा प्रणाली यसका आन्तरिक पक्षहरू हुन् ।

## २. बाह्य आधार :

बाह्य आधारमा आन्तरिक आधार बाहेकका अन्य समावेश गरिएको हुन्छ । पूर्वपरीक्षण आवधिक परीक्षा र उत्तर परीक्षण यस शोधपत्रका बाह्य आधारहरु हुन् । यसअनुसार विद्यार्थीलाई अनौपचारिक रूपमा परीक्षाको माध्यमबाट निश्चित अंक प्रदान गरी उनीहरुको सिकाइ उपलब्धि स्तर के-कति रहेको छ, त्यसको विवरण स्पष्ट रूपमा देखाइएको छ ।

# अध्याय तीन

# भाषिक मूल्याङ्कनको सैद्धान्तिक अध्ययन

## ३.१ भाषिक मूल्याङ्कनको परिचय

भाषा शिक्षण भनेको भाषाको शिक्षण नभएर भाषिक सीपहरूको (सुनाइ,बोलाइ, पढाइ र लेखाइ) शिक्षण हो । शिक्षणका सन्दर्भमा भाषिक मूल्याङ्कनको प्रसङ्ग भाषाशिक्षण-सँग जोडिएर आएको हुन्छ । वस्तुतः भाषिक मूल्याङ्कन पनि भाषाका सीपपरक अपेक्षाहरू सित सान्दर्भिक हुने, भाषातात्त्विक सुझ र ज्ञानको सीमित सैद्धान्तिक प्रसङ्गमा बाहेक भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) संग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा नै केन्द्रित रहेको हुन्छ । मूल्याङ्कनबिना कुनै पनि कार्यको लेखाजोखा गर्न सकिदैन । मूल्याङ्कनको उपयोगबिना भाषाशिक्षण लुलो र लङ्गडो बन्न सक्छ ।

वास्तवमा भाषिक मूल्याङ्कनको मूल उद्देश्य भनेको विद्यार्थीहरूको भाषिक क्षमतास्तरको आँकलन गर्नु मात्र नभएर शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठ्यांशका सरल र जटिल अशं छुट्याउनु, शिक्षण सामग्रीहरूको उपयोगिता र प्रभावकारिताको परीक्षण गर्नु तथा समग्रमा भाषासिकाइका कठिनाइ समस्याका क्षेत्रहरु पत्ता लगाएर निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु पनि रहेको हुन्छ । मूल्याङ्कन गर्दा भाषिक सीपमध्ये कुन सीपमा विद्यार्थी कमजोर छ र त्यसको निदानका लागि के कस्ता उपायहरू अवलम्वन गर्नुपर्दछ भन्ने कुरामा शिक्षकलाई मार्गदर्शन गर्ने काम पनि मूल्याङ्कनले गर्दछ । भाषाशिक्षणका क्षेत्रमा विद्यार्थीहरू पथिक हुन भने शिक्षक उनीहरूका सचेत मार्ग दर्शक हुन् । अतः शिक्षणका क्षेत्रमा शिक्षकको सहानुभूतिशील मार्गदर्शन र विवेकशील कार्यकलापबाट मात्रै भाषाशिक्षणले उद्देश्यपरक गतिशीलता प्राप्त गर्दछ ।

भाषिक मूल्याङ्कन भन्नाले कुनै खास विद्यार्थीहरुका निम्ति भाषापाठ्यक्रमद्धारा निर्धारित भाषिक सीप -भाषातत्व ,बोध, अभिव्यक्ति ररचनाकौशल) कें कति आर्जन गरे वा किन र कति कारणबाट ती सीपहरु ग्रहण गर्न सकेनन् भन्ने कुराको लेखाजोखा गर्ने काम बुझिन्छ । ढुङ्गेल (नेपाली भाषाशिक्षण–२०६३ ः२७७) भाषाशिक्षणका क्रममा निश्चित लक्ष्य एवम् उद्देश्यहरू हासिल गर्न बारम्बार मूल्याङ्कनको उपयोग गरी विद्यार्थीको प्रगतिदर, क्षमता, स्तर, सक्षमता-असक्षमता तथा उन्नति र अवनतिका बारेमा भाषा शिक्षक निरन्तर सचेत हुनुपर्दछ । मूलयाङ्कन विनाको भाषाशिक्षण लक्ष्योन्मुख किसिमको नभएर अन्योलपूर्ण एवम् प्रतिगामी किसिमको हुनसक्ने सम्भावना रहन्छ । अतः विद्यार्थीका भाषा सिकाइका समस्याहरु पत्ता लगाई तिनको निराकरण गर्न तथा भाषाशिक्षणलाई सीपपरक कार्यदिशातर्फ उन्मुख गराई विद्यार्थीको उत्प्रेरणा अभिवृद्धि गरेर,सरल, सुगम, र प्रभावकारी शिक्षण सिकाइ कार्यकलापको छनोट, सुधार एवम् उपयोग गर्न सुझ तथा सीप प्राप्त गर्न भाषाशिक्षणका लागि भाषिक मूल्याङ्कन अभिन्न कार्यकलाप बनेको हुनुपदर्छ । (शर्मा केदारप्रसाद र माधवप्रसाद पौडेल ः नेपाली भाषा र साहित्य शिक्षण ःर०६० ःर१७) ।

भाषिक मूल्याङ्कन भाषिक सीप र क्षमताको मूल्याङ्कन भएकाले औपचारिक वा अनौपचारिक जुनसुकै किसिमको  मूल्याङ्कन गरेपनि भाषिक सीपलाई महत्व दिएर मात्र गर्नुपर्दछ । विद्यार्थीको भाषिको सीपको मूल्याङ्कन गर्नु छ भने सुनाएर गरिने प्रश्नोत्तरबाट सुनाइको, लेखाइको मूल्याङ्कन लेख्न लगाएर, पढाइको मूल्याङ्कन पढ्न लगाएर गर्नुपर्दछ । (अधिकारी र शर्माः प्रारम्भिक नेपाली शिक्षण २०६२ : १४४)

यसरी माथि उल्लिखित विभिन्न प्रसंगहरुलाई केलाउँदा के प्रस्ट हुन्छ भने भाषाक्षिणका क्रममा मूल्याङ्कन एउटा महत्वपूर्ण पक्ष हो । जुन भाषाशिक्षणसंग अन्तरसम्बन्धित छ । मूल्याङ्कन विनाको शिक्षण सिकाइ नुन विनाको तरकारी जस्तो हुनपुग्दछ । भाषशिक्षका क्रममा मूल्याङ्कनलाई बारम्बार रूपमा  दोहोऱ्याउनु पर्दछ । जसले गर्दा भाषाशिक्षण प्रभावकारी ढंगबाट अगाडि बढ्दछ । यसरी भाषिक मूल्याङ्कन दोस्रो भाषा सिकाइ र शिक्षणको पनि आधार हुन्छ ।

## ३.२ भाषिक मूल्याङ्कनका सिद्धान्तहरू

भाषापाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू हासिल गर्ने, गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने काम भाषिक मूल्याङ्कनले गर्दछ । यसरी भाषिक मूल्याङ्कनका सिद्दान्तलाई विशेष ख्याल गर्नुपर्ने हुन्छ । भाषिक मूल्याङ्कनका सिद्धान्तहरूलाई निम्नानुसार चर्चा गरिएको छ ।

### ३.२.१ पाठ्यक्रम विश्लेषित मूल्याङ्कनीय उद्देश्यको निर्धारण

भाषिक मूल्याङ्ककनको भरपर्दो, सरल र व्यावहारिक साधन भाषिक परीक्षण भाषाशिक्षण र मूल्याङ्कनकै अभिन्न अङ्क पनि हो । भाषिक मूल्याङ्कनका लागि अपनाइने परीक्षण- प्रणाली भाषापाठ्यकमका उद्देश्यानुरुप तय गरिएको हुनपर्दछ । त्यस्तै भाषापाठ्यक्रमका निर्धारित उद्देश्य र मूल्याङ्कनका बीच आवश्यक तालमेल हुनुपर्दछ । शिक्षण प्रकिया विषयपरक तर परीक्षण मूल्याङ्कन सीपपरक अथवा शिक्षण प्रकिया सीपपरक तर परीक्षण विषयपरक भएमा त्यस्तो परीक्षण मूल्याङ्कनको कुनै अर्थ र महत्व रहँदैन । यसरी भाषिक मूल्याङ्कन पाठ्यक्रमका शिक्षण उद्देश्यानुरुपको शिक्षण र परीक्षणमा आधारित भएमा मात्र त्यसबाट सकारात्मक सहयोग लिन सकिन्छ । त्यसैले भाषिक मूल्याङ्कन सर्वप्रथम पाठ्यक्रमका समग्र पक्षहरुको मूल्याङ्कन हुनसक्ने प्रामाणिक परीक्षण उद्देश्यमा आधारित हुनु अपरिहार्य छ ।

### ३.२.२ प्रयोजनपरक मूल्याङ्कनीय वस्तुको छनोट

भाषिक मूल्याङ्कन एउटै प्रयोजनले मात्र गरिदैन । यसका विभिन्न प्रयोजनहरू हुनसक्छन् । खास कक्षा वा तहमा प्रवेश लिन विद्यार्थीका खास भाषिक सीप र तिनका खास पक्षहरु तर्फको झुकाव थाहापाउन, कुनै खास भाषिक पक्षमा रहेका कमीकमजोरीहरू हटाउन, विद्यार्थीहरूको वर्गीकरण गर्न अथवा शिक्षणीय वस्तु र प्रक्रियाको लेखाजोखा गर्न भाषिक मूल्याङ्कनका मूल प्रयोजनहरू सम्बद्ध रहेका हुनसक्छन् । अतः भाषिक मूल्याङ्कनमा के को परीक्षण गर्ने भन्ने कुरा अत्यन्त महत्त्वपूर्ण रहन्छ । भाषाशिक्षकले भाषिक मूल्याङ्कन गर्दा भाषिक सीपका अतिरिक्त भाषासँग सम्बन्धित शब्दभण्डार र व्याकरण जस्ता पक्षहरूको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । तसर्थ के भन्न सकिन्छ भने भाषा शिक्षक यस्तो होस कि जसले परीक्षणीय वस्तुको छनोट गर्न सकोस् । यसरी प्रयोजनीय क्षेत्रानुरुप के को परीक्षण गर्ने भन्ने कुराको केन्द्रीयतामा सम्बद्ध प्रयोजनअनुरुपका सीप र धारणाहरूको सूची तयार पारी त्यसै बमोजिमका सम्पादनात्मक उत्पादनात्मक अथवा पहिचानात्मक/धारणात्मक पक्षहरूको मूल्याङ्कन गर्नेतर्फ अग्रसर हुनुपर्दछ ।

### ३.२.३ भाषिक सीपको समग्रतामा आधारित भाषातत्वको मूल्याङ्कन

भाषिक मूल्याङ्कनको प्रकृतिलाई हेर्दा मूलत : भाषिक सीपहरूको परीक्षण प्रयोगात्मक प्रकृतिको रहेको हुन्छ भने भाषिक धारणाहरुको परीक्षण सैद्धान्तिक प्रकृतिको रहेको हुन्छ । भाषामा भाषिक सीपका अतिरिक्त भाषात्तत्वहरू पनि एकीकृत भएर आउने गर्दछन् । भाषाशिक्षणको मूल अभिप्राय भाषिक सीपको कुशलता परक विकासमा केन्द्रित रहने हुनाले यसको परीक्षण पनि स्वभावतः प्रयोगपरक प्रकृतितर्फ झुकेको हुनुपर्दछ, तर भाषिक सीपलाई सहायक हुने भाषातात्विक धारणाहरुको परीक्षणका सन्दर्भमा सैद्धान्तिक प्रकृतितर्फ पनि भाषिक मूल्याङ्कन केही मात्रामा झुक्न जानु अस्वाभाविक देखिदैनँ । छुट्टाछुट्टै रुपमा पहिचानात्मक किसिमको हुने हुँदा भाषातत्वलाई पनि भाषिक सीपमै सम्बद्ध गराएर एकीकृत रूपमा परीक्षण गर्दा प्रभावकारी र सरल हुने गर्दछ । यसकारण पनि परीक्षकले भाषिक मूल्याङ्कनका सिद्धान्तलाई अवलम्बन गर्नु वाच्छनीय हुन्छ ।

## ३.२.४ एक युक्तिबाट एक पक्षको मूल्याङ्कन

एउटै युक्ति वा साधनको सहायताबाट सम्पूर्ण भाषिक कौशलहरुको परीक्षण गर्न खोज्नु मूर्खता सिवाय अरु केही होइन भाषिक मूल्याङ्कन वैध, विश्वसनीय, व्यावहारिक र स्पष्ट हुनु अत्यावश्यक छ । कुन भाषिक सीप र कुन भाषिक पक्षको मूल्याङ्कन गर्न खोजिएको हो त्यसबारे मूल्याङ्कनकर्ता सर्वप्रथम स्पष्ट हुन आवश्यक छ । जस्तो बोलाइ सीपको मूल्याङ्कन लिखित परीक्षाबाट गर्न खोज्नु, उच्चारणको मूल्याङ्कन वर्णविन्यासबाट गर्न खोज्नु, पठनबोधका माध्यमले श्रृतिवोधको जाँच गर्न खोज्नु आदि विश्वसनीयता र व्यावहारिकताका कुरा होइनन् । यसले गर्दा परीक्षणको वैधता शंकास्पद हुनजान्छ र परीक्षण गर्न खोजिएको वास्तविक कुराको परीक्षण पनि हुन सक्दैन । तसर्थ एक पटकमा एउटा कुराको मात्र परीक्षण गरिनुपर्छ । अतः सर्वप्रथम परीक्षकले परीक्षण गर्न चाहेको खास सीप वा तत्वको छनोट तथा निश्चय गरिसकेपछि मात्र अन्य कुराको विचार गर्नु उपयुक्त हुन्छ ।

## ३.२.५ परीक्षणीय वस्तु र युक्तिका बीचको तालमेल

कुनै पनि परीक्षणीय वस्तु र युक्ति तथा साधनका बीचमा तालमेल र संगति हुन आवश्यक छ । यो नभए परीक्षण प्रयोजनहीन तथा अविश्वसनीय बन्न जान्छ । भाषाको परीक्षणमा शिक्षणीय उद्देश्य, परीक्षणीय कुरा र परीक्षणका लागि गरिने युक्ति तथा साधनका बीचमा अनुकूलता वा संगति हुनु आवश्यक छ । अतः परीक्षणीय कुराअनुरुप युक्ति तथा साधनको छनोटमा संयोजन हुनुपर्छ । जुनकुरा जाँच्न खोजिएको हो । सो मात्र जाँच गर्ने अन्य कुरा होइन (अधिकारी नेपाली भाषाशिक्षण -२०५७: २३७) कुनै निश्चित स्तर र क्षेत्रको भाषिक उपलब्धिको तुलनात्मक अध्ययन गर्न र आवश्यक निर्णय  लिनलाई स्तरयुक्त परीक्षा तथा भाषिक सपिका अभ्यासात्मक कियाकलापहरुमा टेवा पुऱ्याई उक्त सीपहरुको कुशलतापरक उपलब्धि गराउनमा शिक्षक निर्मित परीक्षा व्यावहारिक साधन मानिन्छ । तसर्थ भाषाशिक्षकले यी सबैकुरालाई ख्याल गर्नुपर्ने हुन्छ ।

### ३.२.६ परीक्षणका लागि पूर्वयोजना

कुनै पनि कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडि वढाउनका लागि योजनाको आवश्यकता पर्दछ । त्यसैले कुनै पनि कार्यको शुभारम्भ हुनुपूर्व त्यस कार्यलाई सम्पन्न र परिणाममुखी बनाउन आवश्यक सम्पूर्ण कुराको तयारी गर्नु नै पूर्वयोजना हो । पाठ्यक्रमका अपेक्षा र परिक्षणीय क्षेत्रहरुको विश्लेषण गरेर योजनाबद्ध ढंगले विशिष्टिकरण तालिका निर्माण गरी परीक्षणीय क्षेत्रहरुको विश्लेषण गरेर मूल्याङ्कनीय उद्देश्य, पाठ्यवस्तु मूल्याङ्कनीय साधन, प्रश्नका प्रकार, संख्या, अंकभार, समयभार आदि कुराको व्यवस्थित खाका तयार गर्नुपर्दछ । जसले गर्दा परीक्षकलाई परीक्षण गर्न सजिलो हुनुका साथै वैधता कायम हुनसक्छ ।

ढुङ्गेलका अनुसार मूल्याङ्कनका चार प्रमुख तत्वहरुलाई वृत्तबाट यसरी देखाइएको छः-

(नेपाली भाषाशिक्षण २०६२ : २७८)

## ३.३ भाषिक मूल्याङ्कनका प्रकारहरू

### ३.३.१ सामयिक र औपचारिक मूल्याङ्कन

सामयिक वा औपचारिक मूल्याङ्कन भन्नाले कुनै निश्चित समयमा योजनामा आधारित भई लिइने पूर्वनिर्धारित मूल्याङ्कनलाई बुझिन्छ । यसैलाई आवधिक मूल्याङ्कन पनि भनिन्छ । यसमा कुनै खास तह वा कक्षाको प्रारम्भ, मध्य र अन्त्यमा मात्र गरिने मूल्याङ्कन नै सामयिक मूल्याङ्कन हो ।

### ३.३.२ विषयगत र वस्तुगत मूल्याङ्कन.:

बिषयगत र वस्तुगत मूल्याङ्कनलाई उत्पादनात्मक र पहिचानात्मक मूल्याङ्कन पनि भनिन्छ । यस मूल्याङ्कनमा  दिइएका उत्तरहरु मध्येबाट पहिचानगरी उत्तर दिन सकिने खालका प्रश्नहरु समावेश गरिएको हुन्छ । यस प्रकारको मूल्याङ्कनको माध्यम लिखित र मौखिक दुबै हुन सक्छ तर मूल्याङ्कनका सन्दर्भमा केही प्रश्न यस्ता पनि समाविष्ट हुन्छन् जसको उत्तर परीक्षार्थीले आफ्नै ढंगमा लेखेर दिनुपर्ने हुन्छ । लिखित परीक्षामा वस्तुगत प्रश्नहरू पहिचानात्मक प्रकृतिका हुन्छन् भने विषयगत प्रश्नहरू उत्पादनात्मक प्रकृतिका हुन्छन् ।

### ३.३.३  निरन्तर र अनौपचारिक मूल्याङ्कन

निरन्तर र अनौपचारिक मूल्याङ्कन भन्नाले भाषाशिक्षणका क्रममा भाषाका विभिन्न सीप तथा पक्षहरूको मूल्याङ्कनलाई बुझिन्छ । यस्ता कतिपय सीप तथा पक्षको मूल्याङ्कन एकैपटक निर्दिष्ट समयमा मात्र गरेर पुग्दैन । यिनको मूल्याङ्कन निरन्तर र अनौपचारिक रूपमा गरी अभिलेख राखी उक्त अभिलेखका आधारमा अन्तिम मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । कक्षामा गरिने कक्षाकार्य र निरन्तर रूपमा दिइने गृहकार्य विद्यार्थी मूल्याङ्कनका निम्ति उपयोगी मानिन्छ ।

### ३.३.४.एकलबद्ध र समग्रबद्ध मूल्याङ्कन :

एकलबद्ध मूल्याङ्कनलाई आंशिक तथा पृथकीकृत मूल्याङ्कन पनि भनिन्छ भने समग्रबद्ध मूल्याङ्कनलाई एकीकृत मूल्याङ्कन पनि भनिन्छ । एकलबद्ध मूल्याङ्कनमा भाषाका विभिन्न पक्षहरूको छुट्टाछुट्टै परीक्षण गरिन्छ भने समग्रबद्ध मूल्याङ्कनमा भाषाका विभिन्न पक्षहरूको समग्रगत रूपमा परीक्षण गरिन्छ । एकलबद्ध मूल्याङ्कनमा वर्णविन्यास,

वाक्यगठन, शब्दनिर्माण आदि पर्दछन् भने समग्रबद्ध मूल्याङ्कनमा बोध, अनुच्छेद लेखन टिप्पणी लेखन,चिठीलेखन, निवन्ध लेखन, दैनिकी लेखन, संवाद, मनोवाद, वादविवाद आदि पर्दछन् ।

### ३.३.५. अभिक्षमता र निदानात्मक मूल्याङ्कन :

भाषाप्राप्तिको एउटा आधार विद्यार्थीको उत्प्रेरणा पनि हुने हुँदा लक्षित भाषाप्रति उसको झुकाब पहिल्याउन अभिक्षमता मूल्याङ्कन सहायक सिद्ध मानिन्छ । यसैका आधारमा खासगरी मातृभाषेत्तर भाषा सिक्न सम्बन्धित व्यक्तिको सम्भाव्य सफलताको साङ्खिकीय जानकारी लिइन्छ । निदानात्मक मूल्याङ्कन भने उपचारमूलक प्रकृतिको हुन्छ । यसमा निर्दिष्ट पाठ्यक्रमानुसार कुन कुराको शिक्षण सम्पन्न भयो र कुन कुराको शिक्षण अझ बाँकी छ वा विद्यार्थीले कुन कुरा सिके, कुन कुरा सिक्न बाँकी छ, साथै सिक्न नसक्नुको कारण पत्ता लगाई त्यसको निराकरण गरी मूल्याङ्कन गरिन्छ ।

### ३.३.६. उपलब्धि र दक्षतापरक मूल्याङ्कन :

खासगरी उपलब्धि मूल्याङ्कन निर्माणात्मक प्रकृतिको हुन्छ । यसबाट विद्यार्थीले निर्दिष्ट पाठ्यक्रमका अन्त्यमा के कस्ता भाषिक सीप तथा दक्षता हासिल गरे र पाठ्यक्रमको अपेक्षा कुन हदसम्म पूरा भयो भन्ने जानकारी प्राप्त हुन्छ । त्यसबाहेक यस्तो मूल्याङ्कनले विद्यार्थीको अध्ययन उपलब्धिको संकेत पनि गर्दछ । त्यसैगरी अर्कातिर दक्षता मूल्याङ्कनको उद्देश्य विद्यार्थीले आफूले सिकेको भाषिक क्षमतालाई वास्तविक परिस्थितिमा कुन हदसम्म उपयोग गर्न सक्दछ भन्ने कुरा पहिल्याउनु हो । कुनैपनि कुरा सिक्नका लागि मात्र नभएर व्यावहारिक ज्ञानका लागि उसले भाषाको प्रयोग कसरी गर्दछ भन्ने कुराको मूल्याङ्कन गरिन्छ, जसले उसको दक्षतालाई प्रष्ट रूपमा प्रस्तुत गरेको हुन्छ ।

### ३.३.७ प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन :

प्रवेश मूल्याङ्कनमा कुनै निर्दिष्ट भाषापाठ्यक्रममा प्रवेश दिनका लागि उम्मेदवारको छनोट गर्नुपर्दा सम्वन्धित व्यक्तिमा उक्त पाठ्यक्रमको अध्ययनका लागि आवश्यक पृष्ठभूमि छ, छैन भनेर मूल्याङ्कन गरिन्छ । स्थान निर्धारण मूल्याङ्कन भने खासगरी नव प्रवेशार्थीलाई समूहका अन्य विद्यार्थीसमान भाषाका विभिन्न सीप वा क्षेत्रको शिक्षण गर्न सकियोस् भन्ने दृष्टिले उपयोग गरिन्छ । यसबाट निर्धारित पाठ्यक्रमको अपेक्षित स्तरका सन्दर्भमा विद्यार्थीहरुको भाषागत वर्तमान स्थितिका दुर्वल पक्षमा जोड दिन पनि मद्दत मिल्छ ।

## ३.४ भाषिक मूल्याङ्कनका साधनहरू :

भाषाका विभिन्न सीप तथा धारणाको परीक्षणका लागि विभिन्न युक्ति तथा साधनहरूको उपयोग गर्नुपर्दछ । यहाँ भाषिक मूल्याङ्कनका निम्ति प्रचलनमा ल्याइने मुख्यतः तीनवटा उपायहरू वा साधनहरू उल्लेखनीय छन् ती निम्नलिखित छन् :

### ३.४.१ लिखित परीक्षा :

**(क) विषयगत परीक्षा :**

(अ) निबन्धात्मक परीक्षा

(आ) संक्षिप्त उत्तरात्मक परीक्षा

**(ख) वस्तुगत परीक्षा :**

(अ) खाली ठाउँ भर्ने प्रश्न

(आ) ठीक-बेठीक छुट्याउने प्रश्न

(इ) जोडा मिलाउने प्रश्न

(ई) बहुवैकल्पिक प्रश्न

**३.४.२ मौखिक परीक्षा :**

(अ) अन्तर्वार्ता

**३.४.३ अवलोकन :**

(अ) जाँचसूची

(आ) श्रेणीमापन

## ३.४.१ लिखित परीक्षा :

भाषा शिक्षण कार्यकलापका अन्त्यमा विद्यार्थीहरुमा के-कस्तो प्रभाव पऱ्यो वा प्रगति भएको छ वा छैन आदि कुराको छानविन गर्नका लागि लिखित परीक्षालाई प्रयोगमा ल्याउन सकिन्छ । लिखित परीक्षा व्यापक र निरन्तर रूपमा प्रयोग हुँदै आएको विद्यार्थीको भाषिक उपलब्धिको लेखाजोखा गर्ने प्रामाणितक आधार हो । भाषिक मूल्याङ्कनका लागि लिखित परीक्षाको आफ्नै महत्व रहेको पाइन्छ । भाषाको लिखित अभिव्यक्ति सीप र त्यस सम्वन्धी पक्षको परीक्षणका लागि लिखित परीक्षा ज्यादै नै महत्वपूर्ण मानिन्छ । लिखित परीक्षाका

माध्यमवाट विद्यार्थीहरुमा रहेका अक्षर लेखन, वाक्यगठन, बोध र लेख्य अभिव्यक्ति क्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.४.२ मौखिक परीक्षा :

भाषिक मूल्याङ्कनका क्रममा मौखिक परीक्षाको उपयोग भाषाको मौखिक अभिव्यक्ति सीप तथा सस्वर पठन सीपको परीक्षणमा उपयोगी ठहरिन्छ । श्रुतिबोध तथा भाषातात्विक धारणाको परीक्षणका लागि यसलाई प्रयोग गर्न सकिन्छ । भाषिक मूल्याङ्कनका लागि मौखिक परीक्षा अति आवश्यक मानिन्छ । यसबाट विद्यार्थीको सुनाइ, बोलाइ सम्बन्धी सीपहरू, वस्तु तथा चित्रवर्णन, सस्वर, पठन, उच्चारण, पठनवोध अन्तर्वाता जस्ता कुराहरूको मूल्याङ्कन गर्न सकिन्छ ।

### ३.४.३ अवलोकन :

कुनैपनि कुरालाई गहन ढंगवाट अध्ययन गर्नु नै अवलोकन हो । लिखित र मौखिक परीक्षा पछिको तेस्रो मूल्याङ्कनको साधनको रूपमा अवलोकनलाई लिइन्छ । यसका माध्यमबाट मौखिक अभिव्यक्तिसँग सम्वन्धित विभिन्न सीप तथा क्षमताको मूल्याङ्कन गर्न सकिन्छ । अवलोकन भन्नाले कुनै पनि कुराको शिक्षण पश्चात् विद्यार्थीको व्यवहारमा आएका सकारात्मक र नकारात्मक परिवर्तनका कारण र तरिकाहरूको अध्ययन गर्ने माध्यम भन्ने बुझिन्छ । अवलोकन औपचारिक र अनौपचारिक गरी दुई किसिमवाट गर्न सकिन्छ । विद्यार्थीको अवलोकन निम्नलिखित साधनद्वारा गर्न सकिन्छ ।

**(क) जाँचसूची :**

विद्यार्थीहरूलाई परीक्षणीय तथा पर्यवेक्षणीय कुराका मुख्य -मुख्य बुँदा दिएर तिनमा प्रत्येक विद्यार्थीको क्षमतास्तर निर्धारण गर्न प्रत्येक बुँदामा विभिन्न प्रकारका विकल्पहरु तथा उत्तरहरु राखिएका हुन्छन् । ती मध्ये मिल्दोजुल्दो खाले विकल्पमा चिनो लगाउने व्यवस्था भएको वा आवश्यकतानुसार खाली ठाउँहरू समेत भएको अवलोकन फारमलाई जाँचसूची भनिन्छ ।

उच्चारण सम्वन्धी अवलोकन गर्दा :

स्पष्ट.........................................................................................

अस्पष्ट.......................................................................................

ट / त बिराउने............................................................................

ठीकसँग उच्चारण गर्न नसक्ने.........................................................

### (ख) **श्रेणीमापन :**

कुनै निर्दिष्ट विषयमा विद्यार्थीहरूको धारणासीप तथा सुझ कुन श्रेणी वा स्तरको छ सोको निक्यौल गर्ने उद्देश्यले तयार पारिएको साधनलाई श्रेणीमापन भनिन्छ । जस्तै : कुनै विद्यार्थीको उच्चारण क्षमता वा दक्षताको अभिलेख राख्न उत्तम, मध्यम, निम्न वा धेरै असल, असल, सामान्य वा नराम्रो र ज्यादै नराम्रो जस्ता तीन, चार वा पाँच श्रेणी भएका श्रेणी मापन बनाएर उपयोगमा ल्याई मूल्याङ्कन गर्न सकिन्छ ।

## ३.५ सारांश :

समग्रमा भन्नुपर्दा भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभई सीपको शिक्षण हो । अतः विषयवस्तुको माध्यमवाट भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको शिक्षण नै भाषाशिक्षण हो, भाषा शिक्षणपछि त्यसको मूल्याङ्कन गर्ने निश्चित सैद्धान्तिक आधार अवलम्वन गर्नुपर्ने हुन्छ । त्यस्तै भाषा शिक्षणले भाषिक व्यवहार र प्रयोग सन्दर्भ सिकाउने

काम गर्दछ । सम्प्रेषण कला, अनुसन्धान, सामाजिक भूमिका, संस्कृति आदिको बोध तथा अभिव्यक्ति गर्न भाषाशिक्षणको आवश्यकता पर्दछ । भाषाशिक्षणका विभिन्न सिद्धान्तहरूमध्ये उद्देश्यको अनुरुपता, परीक्षण गर्नुपर्ने विषयवस्तुको छनोट, भाषातत्व र सीपको परीक्षण, एकपटकमा एउटाको मूल्याङ्कन, परीक्षणीय वस्तु र युक्ति वीचको सम्वन्ध र परीक्षणका लागि पूर्वयोजना रहेका छन् । यी उल्लिखित सिद्धान्त अनुरुप भाषिक मूल्याङ्कन गर्दा मौखिक जाँच, लिखित जाँच, कुशलता प्राप्त गर्न सक्यो वा सकेन सो कुराको जाँचसमेत हुने हुनाले भाषाशिक्षण पश्चात् त्यसको उपलव्धि जाँच गर्न भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ ।

# अध्याय - चार

# अध्ययन विधि

## ४.१ जनसङ्ख्या :

शोधकार्यलाई आवश्यक पर्ने तथ्य सङ्कलन गर्न प्रतिनिधि समूह तथा जनसंख्याको महत्वपूर्ण स्थान रहन्छ । अध्ययनका लागि लिइने समूह नै जनसंख्या हो । प्रस्तुत अध्ययन विद्यार्थीलाई निश्चित अवधिसम्म प्रत्यक्ष शिक्षणपश्चात् विद्यार्थीहरूमा आएको सिकाइ प्रगतिको अभिलेखमा आधारित छ । सिकाइ प्रगतिको अभिलेख राख्न यस अध्ययनमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । यो शोधपत्र तयार पार्नका लागि लुम्बिनी अञ्चल रूपन्देही जिल्लाको बु .न.पा.७ मा अवस्थित श्री ज्ञानोदय रात्रि मा. वि. लाई लिइएको छ । यो विद्यालय नेपाल सरकारद्वारा सञ्चालित पश्चिमाञ्चल विकास क्षेत्रकै एक मात्र रात्रि विद्यालय हो । यो विद्यालय कक्षा ६ देखि १० सम्म सञ्चालित छ । यस शोधमा कक्षा ६ मा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ ।

## ४.२ प्रतिनिधि नमुना :

अध्ययन कार्यमा प्रतिनिधि नमुनाको विशेष महत्व रहेको हुन्छ । प्रतिनिधि नमुनाले अध्ययन गर्ने जनसंख्याको पूर्णरूपमा प्रतिनिधित्व गरेको हुन्छ । कुनै पनि अनुसन्धानलाई पूर्णता दिँदा समयको सीमितता, भौगोलिक विकटता, आर्थिक कठिनाइ लगायत अन्य समस्याहरू प्रति सचेत रहनुपर्ने भएकाले यहाँ कक्षा ६ का नेपाली विषयका विद्यार्थीहरूको ९० औँ दिनसम्म निरन्तर मूल्याङ्कन गरी अध्ययन सम्पन्न गरिएको छ ।

## ४.३ सामग्री निर्माण र प्रयोग

शोधकार्यलाई विधिसम्मत बनाएर सुसम्पन्न गर्न स्रोत र सामग्रीको यथोचित निर्माण र प्रयोग अपरिहार्य हुन्छ । सामग्री निर्माण र प्रयोगका रूपमा कक्षा ६ मा अध्यापन गराइने नेपाली विषयको पाठ्यपुस्तक रहेको छ । सामग्री निर्माण गर्ने क्रममा यस शोधमा भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) शब्दभण्डार व्याकरणपक्षमा आधारित भई ५० पूर्णाङ्कको पूर्वपरीक्षणको लागि निर्माण गरिएको प्रश्नपत्र पनि रहेको छ । कक्षा ६मा अध्ययनरत सिकारुको सिकाइ कुन स्तरमा रहेको छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि पूर्वपरीक्षण गरिएको हो । पूर्वपरीक्षणबाट प्राप्त विद्यार्थीका दुर्बल पक्षहरूलाई मनन गरी ९० औँ दिनसम्म प्रत्येक दिनको कक्षाकार्य विवरणबाट विद्यार्थीको अभिलेख राखिएको छ । विद्यार्थीहरूलाई कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा  भएका अभ्यासहरू र अन्य स्तरानुसारका प्रश्न निर्माण गरी ५० पूर्णाङ्कको अवाधिक परीक्षाको निर्माण गरियो । पाठ्यपुस्तकमा भएका विभिन्न पाठसँग सम्बन्धित कक्षाकार्य र गृहकार्य दिई विद्यार्थीहरूको स्तर मूल्याङ्कन गरियो । प्राथमिक सामग्री निर्माणका क्रममा आवधिक परीक्षाका सामग्री पछि उत्तरपरीक्षणका लागि तीन महिना पहिला देखि नै अभ्यास गराइएका पाठहरूबाट शव्दभण्डार, सृजनात्मक अभ्यास, उत्तरलेखन सिलसिलाबद्ध प्रस्तुति जस्ता कुरा र  भाषिक सीपलाई समेट्ने ५० पूर्णाङ्कको अङ्कभार राखी परीक्षा लिइएको छ । उत्तर परीक्षणबाट प्राप्त अङ्कलाई पूर्वपरीक्षणको प्राप्ताङ्कसँग तुलना गरी एउटा तालिका निर्माण गरिएको छ । साथै पाठगत आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न उक्त फारमलाई यस शोधमा परिमार्जित रूपमा राखिएको छ ।

## ४.४ तथ्याङ्क सङ्कलन :

यस शोधकार्य सम्पन्नार्थ तथ्याङ्क सङ्कलनका लागि रूपन्देही जिल्लाको  बु. न.पा. ७ मा अवस्थित श्री ज्ञानोदय रात्रि मा. वि. का कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूलाई निरन्तर तीन महिना (९० दिन) सम्म अध्यापन गरी निरन्तर मूल्याङ्कन सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा कक्षाकार्यका अतिरिक्त गृहकार्य,

नियमित विद्यार्थीको उपस्थिति, अनुशासन, अतिरिक्त क्रियाकलापमा सहभागिता, कक्षा अवलोकन जस्ता कार्यहरु गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ ।

तथ्याङ्क सङ्कलनका क्रममा पूर्व परीक्षण, कक्षाकार्य, गृहकार्य, अवलोकन र मूल्याङ्कन गर्दा कक्षा ६का सम्पूर्ण जनसंख्यालाई प्रतिनिधि नमुनाका रूपमा लिई सामग्री निर्माण गरी तथ्याङ्क सङ्कलन र त्यसको विश्लेषण गाएको छ । सङ्कलित सामग्रीलाई सकेसम्म भरपर्दो, विश्वसनीय र व्यावहारिक बनाउन प्रत्यक्ष कक्षावलोकन विधिलाई विशेष महत्व दिइएको छ।

शोधार्थी सोही विद्यालयको नेपाली विषयशिक्षक भएको हुँदा तथ्याङ्क सङ्कलन कार्य सहज हुन पुगेको हो ।

## ४.५ व्याख्या विश्लेषण

सङ्कलित सामग्रीमा निहित गुण वा अर्थ पहिल्याउने क्रममा वर्गीकरण, तालिकीकरण, तथ्याङ्क आदि जे जस्ता प्रक्रियाहरू अँगालिन्छन् र तिनका आधारमा सामग्रीलाई जे जसरी केलाउने काम गरिन्छ, त्यसैलाई नै शोधका क्रममा अँगालिने व्याख्या विश्लेषण भनिन्छ ।

शोधका क्रममा अध्ययनलाई पूर्णता दिन पूर्वपरीक्षण, आवधिक परीक्षण र उत्तर परीक्षण सम्पन्न गरिएको छ । यसै क्रममा ५० पूर्णाङ्कको, पूर्वपरीक्षण, ५० पूर्णाङ्कको आवधिक परीक्षण गरी उपलब्धिस्तर प्रस्तुत गरिएको छ । अध्ययनका क्रममा प्रयोग गरिएका पूर्व परीक्षण, आवधिक परीक्षण र उत्तर परीक्षणका प्रश्नहरू शोधको परिशिष्टमा समावेश गरिएको छ ।

## ४.६ सारांश

यस शोधकार्य सम्पन्न गर्नु पूर्व परीक्षणका साथै कक्षाकार्य, गृहकार्य र अवलोकन गरी आवधिक मूल्याङ्कन गरिएको छ । अध्ययनको अन्त्यमा अध्यापन कार्य कति प्रभावकारी भयो वा उनीहरूको सिकाइ उपलब्धिमा आएको परिवर्तन ठम्याउन उत्तर परीक्षण गरिएको छ । त्यसका लागि कक्षा ६ का विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिई सामग्री निर्माण तथ्याङ्क सङ्कलन र विश्लेषण जस्ता युक्तिहरूको उपयोग गरिएको छ । यसो गर्दा सामग्रीलाई विश्वसनीय र व्यावहारिक बनाउन प्रंत्यक्ष कक्षावलोकन विधिलाई प्रमुख विधिका रूपमा अपनाई शोधकार्य सम्पन्न गरिएको छ ।

# अध्याय - पाँच

# तथ्याङ्कीय विश्लेषण

## ५.१ पृष्ठभूमि :

अनुसन्धान प्रामाणिक तथ्यहरूको ऐना हो । यस अनुसन्धान कार्यलाई पूर्णता दिन तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएको विद्यालयका विद्यार्थीहरूलाई तीन महिनासम्म शिक्षण गरी आवधिक प्रगति विवरण तयार पार्न आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । कक्षाकार्यबाहेक गृहकार्य, विद्यार्थीको उपस्थिति, कक्षा अवलोकन तथा संचित अभिलेख राखी आवश्यक तथ्याङ्क सङ्कलन गरी विश्लेषण गरिएको छ । पूर्वपरीक्षण, कक्षाकार्य, गृहकार्य र अवलोकन गर्दा कक्षाका सम्पूर्ण विद्यार्थीहरुलाई उपयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विश्वसनीय र व्यावहारिक बनाउन प्रत्यक्ष कक्षा अवलोकन विधिलाई प्रमुख रूपमा अवलम्वन गरिएको छ ।

## ५.२ पूर्वपरीक्षण

पूर्वपरीक्षणले कुनै, व्यक्ति, वस्तु, कार्य आदिको प्रारम्भिक जाँचलाई बुझाउँछ । यस शोधका सन्दर्भमा आफूले अध्यापन गर्नु पूर्व सम्बन्धित तहका विद्यार्थीहरूको वर्तमान सिकाइ अवस्था कस्तो छ, वा उनीहरूको सिकाई उपलब्धि के-कसरी अगाडि बढेको छ भन्ने कुराको यथार्थ जानकारी प्राप्त गर्नका लागि पूर्वपरीक्षण अपरिहार्य हुन्छ । शोधका क्रममा आउन सक्ने सम्भावित समस्या र तिनको समाधानका लागि अवलम्वन गर्नुपर्ने उपायहरुको पहिचान गर्न पूर्वपरीक्षणले ठोस आधार प्रदान गर्दछ ।

प्रस्तुत शोधकार्यलाई गतिदिने क्रममा श्री ज्ञानोदय रात्रि मा. वि. मा अध्ययनरत विद्यार्थीहरूले नेपाली विषयमा हासिल गरेका भाषिक सीपहरूको निरन्तर मूल्याङ्कन गर्नु पूर्व कक्षाका सम्पूर्ण विद्यार्थीहरूको पठित पाठसँग सम्वन्धित राष्ट्रिय स्तरका प्रश्नहरू तयार गरी ५० पूर्णाङ्कको परीक्षा लिई एउटा फारम बनाई प्राप्ताङ्कलाई अभिलेखका रूपमा राखिएको छ । विद्यार्थीलाई अङ्क प्रदान गर्दा उत्कृष्ट , मध्यम र निम्न गरी तीन वर्गमा वर्गीकरण गरिएको छ । उनीहरुले प्राप्त गरेको अङ्कलाई प्रतिशत (%) मा प्रदर्शित गरिएको छ । २०६७-३-१५ गते लिइएको पूर्वपरीक्षणको उपलब्धि यसप्रकार रहेको छ ।

## तालिका नं. १

## पूर्वपरीक्षणबाट प्राप्त नतिजाको विवरण

| क.स. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | केशव तामाङ | ५० | २४ | ४८% |
| २ | चन्द्र तामाङ | ५० | १६ | ३२% |
| ३ | प्रकाश क्षेत्री | ५० | ३२ | ६४% |
| ४ | शारदा थारू | ५० | २९ | ५८% |
| ५ | सङ्गीता महतो | ५० | २१ | ४२% |

| | | | | |
|---|---|---|---|---|
| ६. | बल बहादुर थापा | ५० | १९ | ३८% |
| ७ | टिका राना | ५० | १५ | ३०% |
| ८ | अमृता खत्री | ५० | १७ | ३४% |
| ९ | राम वि.क. | ५० | ७ | १४ % |
| १० | अस्लम अली | ५० | १३ | २६% |

उपर्युक्त तालिका कक्षा ६ का विद्यार्थीहरूलाई राष्ट्रिय स्तरका प्रश्नहरू निर्माण गरी सञ्चालन गरिएको लिखित परीक्षाको प्राप्ताङ्क हो । परीक्षामा सम्मिलित विद्यार्थीहरूले प्राप्त गरेको अङ्कलाई प्रतिशतमा राखी प्रस्तुत गरिएको छ । प्रस्तुत तालिका हेर्दा ६४% ल्याउने विद्यार्थी सङख्या १ जना, ५८% १ जना , ४० देखि ५० सम्म अङ्क ल्याउने २ जना , ३० देखि ४० सम्म  अङ्क ल्याउने ४ जनाले र १४ प्रतिशत १ जनाले प्राप्त गरेका छन् ।

यसरी पूर्वपरीक्षणमा सर्वाधिक अङ्क ३२ र सबैभन्दा कम अङ्क ७ रहेको छ । यस विवरणलाई हर्दा ६० प्रतिशत भन्दा माथि अङ्क १ जनाले प्राप्त गरेका छन् ।

## ५.३ कक्षाकार्य, गृहकार्य र अवलोकन विवरण :

## कक्षाकार्य विवरणः

कक्षाकार्य निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्वपूर्ण पक्ष हो । अध्यापन गरिएको पाठबाट कक्षाकार्य विवरण तयार गर्दा विद्यार्थीहरूलाई कक्षाकोठामै २० पूर्णाङ्कको प्रश्न दिएर ३० मिनेट भित्र बुझाउने निर्देशन दिइयो । कक्षाकार्य विवरणमा विशेषत : कक्षा ६ का प्रत्येक विद्यार्थीहरूको भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई विशेष प्राथमिकता दिइएको छ ।

## गृहकार्य विवरणः

शिक्षण सिकाइलाई पुनर्बल प्रदान गर्न, मूल्याङ्कन प्रकृयालाई निरन्तरता दिई विद्यार्थीहरूलाई घरमा पनि सक्रिय गराई पढ्ने लेख्ने बानीमा अभ्यस्त बनाउन गृहकार्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कक्षाशिक्षणका क्रममा कतिपय पाठ्यवस्तुहरूलाई कक्षाको छोटो समयमा पर्याप्त अभ्यास गराएर समेट्न नसकिने हुँदा त्यस्तो अवस्थामा विद्यार्थीहरुलाई गृहकार्य दिई कक्षाकार्यकलापकै पूरक सहकार्यकलापका रूपमा पनि यसलाई समेट्नु पर्ने हुन्छ । यस शोधको प्रयोजनार्थ विद्यार्थीहरूलाई १५ अंकको गृहकार्य दिई प्रचलित मान्यताका आधारमा अंक प्रदान गरियो । प्रारम्भिक चरणमा कक्षाकार्य र कक्षाशिक्षणका आधारमा गृहकार्य दिइएको थियो भने पछि विद्यार्थीहरू कुन पक्षमा कमजोर देखिछन् । सोही पक्षलाई विशेष ध्यान दिई सिकारूको प्रकृतिअनुसार गृहकार्य दिई अध्ययन कार्य अगाडि बढाइएको थियो ।

## अवलोकन

नवीन तथ्य पत्ता लगाउन, नयाँ ज्ञानको खोजी गर्न वा कुनै व्यक्ति वा वस्तुको विशेष परिचय लिन अवलोकनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । यस शोधका सन्दर्भमा निरन्तर मूल्याङ्कनको एक महत्वपूर्ण पक्षका रूपमा अवलोकनलाई लिन सकिन्छ । अवलोकनमा खासगरी कक्षाकार्य र गृहकार्यबाहेक अन्य कुराहरू हेरिएको छ । यहाँ अवलोकनलाई १५ पूर्णाङ्क तोकिएको छ । अवलोकन विवरण तयार गर्दा निम्न आधार अवलम्वन गरिएको छ ।

क) विद्यार्थीको उपस्थिति तथा अनुशासन - ५ अङ्क

ख) अतिरिक्त क्रियाकलापमा सहभागिता - ५ अङ्क

ग) विद्यार्थीको सररफाइ - ५ अङ्क

## ५.४ पाठगत रूपमा गरिएको सिकाइ उपलब्धिको विवरण :

भाषाशिक्षणका सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मूल उद्देश्य शिक्षण सिकाइ कार्यकलापसँगै विद्यार्थीहरूको स्तर पत्ता लगाई विद्यार्थीका कमजोर पक्षलाई सुधार गर्नु हो । कक्षाका सम्पूर्ण विद्यार्थीका सापेक्षतामा कमजोर देखिने विद्यार्थीलाई विशेष रूपमा व्यक्तिगत परामर्श दिने तथा सिकारू अनुकूल हुने शिक्षणविधि प्रयोग गरी उनीहरुमा निहित कमिकमजोरी निराकरण गर्नु हो ।

यहाँ कक्षा छ मा अध्ययनरत विद्यार्थीहरूलाई ३ महिनासम्म शिक्षण गरी निरन्तर मूल्याङ्कन गर्दै पाठगत आधारमा निश्चित पूर्णाङ्क तोकी प्राप्ताङ्कलाई प्रतिशतमा उल्लेख गरिएको छ ।

## तालिका नं. २

### 'साहित्यकार भवानी भिक्षु' पाठबाट विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको विवरण :

मापदण्ड : कक्षाकार्य, गृहकार्य र अवलोकन

| क्र.स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | अवलोकन | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | केशव तामाङ | २० | १४ | १५ | १० | १५ | ९ | ६६% |
| २ | चन्द्र तामाङ | २० | १५ | १५ | ११ | १५ | १० | ७२% |
| ३ | प्रकाश क्षेत्री | २० | १६ | १५ | ११ | १५ | १० | ७४% |
| ४ | शारदा थारू | २० | १४ | १५ | १० | १५ | ११ | ७०% |
| ५ | सङ्गीता महतो | २० | १३ | १५ | ९ | १५ | ११ | ६६% |
| ६ | बल बहादुर थापा | २० | १५ | १५ | १२ | १५ | ९ | ७२% |
| ७ | टिका राना | २० | १२ | १५ | १० | १५ | १० | ६४% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | अमृता खत्री | २० | १३ | १५ | ८ | १५ | ९ | ६०% |
| ९ | राम वि.क. | २० | ९ | १५ | १० | १५ | ९ | ५६% |
| १० | अस्लम अली | २० | १० | १५ | ७ | १५ | १० | ५४% |

माथिको तालिकामा उल्लेख भएअनुसार 'साहित्यकार भवानी भिक्षु' पाठबाट सिकारुको सिकाइ उपलब्धि मूल्याङ्कन गर्न कक्षाकार्य २०, गृहकार्य १५ र अवलोकन १५ गरी जम्मा ५० पूर्णाङ्कको परीक्षा सञ्चालन गरिएको थियो ।

यसरी आवधिक परीक्षाबाट प्राप्त उपलब्धिलाई तालिकीकरण गरी अभिलेख राखिएको छ । यो परीक्षा पहिलो आवधिक परीक्षा हो । त्यसैगरी अन्य पाठमा पनि पूर्ववत् प्रणाली अवलम्वन गरी अभिलेख राखिएको छ । यस परीक्षामा ७०% भन्दा उच्च अङ्क ल्याउने ४ जना, ६०% भन्दा माथि अङ्क ल्याउने पनि ४ जना  ५०% भन्दा माथि अङ्क प्राप्त गर्ने २ जना रहेका छन् । यहाँ सवै भन्दा वढी आएको अङ्क ७४% हो भने सबैभन्दा कम आएको अङ्क ५४% हो ।

## तालिका नं. ३

## 'भानुभक्त श्रद्धाञ्जलि' पाठबाट विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको विवरण

मापदण्ड :	कक्षाकार्य, गृहकार्य र अवलोकन

| क्र.सं. | विद्यार्थीको नाम थर | कक्षाकार्य | | गृहकार्य | | अवलोकन | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | केशव तामाङ | २० | १४ | १५ | ११ | १५ | ९ | ६८% |
| २ | चन्द्र तामाङ | २० | १६ | १५ | १० | १५ | १० | ७२% |
| ३ | प्रकाश क्षेत्री | २० | १५ | १५ | १२ | १५ | १० | ७४% |
| ४ | शारदा थारू | २० | १५ | १५ | ११ | १५ | १० | ७२% |
| ५ | सङ्गीता महतो | २० | १४ | १५ | १० | १५ | १० | ६८% |
| ६ | बल बहादुर थापा | २० | १५ | १५ | ११ | १५ | ११ | ७४% |
| ७ | टिका राना | २० | १३ | १५ | ११ | १५ | १० | ६८% |
| ८ | अमृता खत्री | २० | १४ | १५ | ९ | १५ | ९ | ६४% |
| ९ | राम वि.क. | २० | १० | १५ | ९ | १५ | १० | ५८% |
| १० | अस्लम अली | २० | १२ | १५ | ८ | १५ | १० | ६०% |

यस तालिकाबाट प्राप्त निरन्तर मूल्याङ्कन उपलब्धिलाई हेर्दा पूर्ववर्ती पाठमा भन्दा विद्यार्थीको सिकाइ स्तरमा केही परिवर्तन भएको देखिन्छ । यहाँ पनि अघिल्लो पाठमा जस्तै कक्षाकार्य २०, गृहकार्य १५ र अवलोकन १५ गरी जम्मा ५० पूर्णाङ्क बराबरको परीक्षा सञ्चालन गरिएको थियो । 'भानुभक्त श्रद्धाञ्जलि' कविताबाट प्राप्त उपलब्धिलाई हेर्दा ७० भन्दा माथि ४ जना, ६० भन्दा माथि ५ जना र १ जनाले ५८% अङ्क प्राप्त गरेका छन् । यस तालिकामा देखिएको सर्वाधिक अङ्क ७४ हो भने कम अङ्क ५८ हो । यहाँ विद्यार्थीहरूले आफ्नो सिकाइ क्षमता क्रमिक रूपमा बढाउदै लगेको देख्न सकिन्छ ।

## तालिका नं. ४

## ठुले र साने (कथा) पाठवाट विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको विवरण

मापदण्ड: कक्षाकार्य, गृहकार्य र अवलोकन :

| क्र.सं | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | अवलोकन | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | केशव तामाङ | २० | १५ | १५ | १० | १५ | १० | ७०% |
| २ | चन्द्र तामाङ | २० | १५ | १५ | ११ | १५ | ११ | ७४% |
| ३ | प्रकाश क्षेत्री | २० | १६ | १५ | १२ | १५ | १० | ७६% |
| ४ | शारदा थारू | २० | १५ | १५ | ११ | १५ | ११ | ७४% |
| ५ | सङ्गीता महतो | २० | १४ | १५ | १० | १५ | ११ | ७०% |
| ६ | बल बहादुर थापा | २० | १५ | १५ | १२ | १५ | ११ | ७६% |
| ७ | टिका राना | २० | १४ | १५ | ११ | १५ | १० | ७०% |
| ८ | अमृता खत्री | २० | १५ | १५ | १० | १५ | ९ | ६८% |
| ९ | राम वि.क. | २० | ११ | १५ | १० | १५ | १० | ६२% |
| १० | अस्लम अली | २० | ११ | १५ | ९ | १५ | १० | ६०% |

यस तालिकामा प्राप्त अभिलेखलाई हेर्दा पूर्ववर्ती पाठमा भन्दा विद्यार्थीले अझ राम्रो नतिजा प्राप्त गरेको तथ्य स्पष्ट देखिन्छ। यसमा ७० भन्दा माथि ७ जना र ६० भन्दा माथि ३ जना रहेका छन् । यस तालिकामा देखिएको सर्वाधिक अङ्क ७६ दुई जनाले प्राप्त गरेका छन् भने कम अङ्क ६० एक जनाले प्राप्त गरेका छन् । प्रत्येक विद्यार्थीले मन्द गतिमा भएपनि आफ्नो सिकाइ क्षमतामा क्रमिक सुधार गर्दै लगेको यहाँ देख्न सकिन्छ।

## ५.५ पूर्वपरीक्षणसँग प्रथम त्रैमासिक परीक्षा मूल्याङ्कनको तुलना

### ५.५.१ प्रथम त्रैमासिक परीक्षा

शोधकार्यलाई गतिदिने क्रममा १ महिनाको शिक्षण पछि विद्यार्थीहरूको सिकाई क्षमतामा के कति परिवर्तन भयो भनी आंकलन गर्न प्रथम त्रैासिक परीक्षा सञ्चालन गरियो मिति २०६७/५/६ गते सञ्चालित यो परीक्षा पनि पूर्वपरीक्षणकै ढाँचामा आबद्ध छ । पूर्वपरीक्षण गर्दा विद्यार्थीहरू भर्खर कक्षा ५उत्तीर्ण गरी कक्षा ६ मा प्रवेश गरेका थिए निरन्तर मूल्याङ्कनका क्रममा गरिएका कक्षाकार्य , गृहकार्य र कक्षा अवलोकनबाट प्राप्त निष्कर्षलाई आधार बनाई प्रत्यक्ष व्यक्तिगत रूपमा सुभ्फाव दिई शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउदै लगियो । पूर्वपरीक्षण र प्रथम त्रैमासिक परीक्षाबाट प्राप्त सिकाइ क्षमतामा के कति भिन्नता पाइन्छ भनि स्पष्ट पार्न दुवै परीक्षाबाट प्राप्त नतिजालाई तुलनात्मक रूपमा तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

**तलिका नं : ६**

**पूर्वपरीक्षण र प्रथम त्रैमासिक परीक्षाको तुलनात्मक विवरण :**

| क्र.स. | विद्यार्थीको नाम | पूर्व परीक्षण | | | प्रथम त्रैमासिक परीक्षा | | |
|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | प्रतिशत | पू. | प्रा. | प्रतिशत |
| १ | केशव तामाङ | ५० | २४ | ४८% | ५० | २८ | ५६% |
| २ | चन्द्र तामाङ | ५० | १६ | ३२% | ५० | २० | ४०% |
| ३ | प्रकाश क्षेत्री | ५० | ३२ | ६४% | ५० | ३५ | ७०% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | शारदा थारू | ५० | २९ | ५८% | ५० | ३० | ६०% |
| ५ | सङ्गीता महतो | ५० | २१ | ४२% | ५० | २५ | ५०% |
| ६ | बल बहादुर थाप | ५० | १९ | ३८% | ५० | २१ | ४२% |
| ७ | टिका राना | ५० | १५ | ३०% | ५० | २० | ४०% |
| ८ | अमृता खत्री | ५० | १७ | ३४% | ५० | २० | ४०% |
| ९ | राम वि.क. | ५० | ७ | १४ % | ५० | १० | २०% |
| १० | अस्लम अली | ५० | १३ | २६% | ५० | १८ | ३६% |

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने पूर्वपरीक्षणमा भन्दा प्रथम त्रैमासिक परीक्षामा आइपुग्दा अधिकांश विद्यार्थीले आफ्नो सिकाइस्तरमा प्रगति गरेको पाइएको छ । पूर्वपरीक्षणमा आएको उच्च अङ्क २४ हो र सवैभन्दा कम आएको अङ्क ७ हो पूर्वपरीक्षणमा ३ जना विद्यार्थी अनुत्तीर्ण भएका थिए । प्रथम त्रैमासिक परीक्षामा आएको उच्च अङ्क ३५ हो भने सबैभन्दा कम अङ्क १० हो । प्रथम त्रैमासिक परीक्षामा अनुत्तीर्ण सख्या १ मात्र रहेको छ । यसबाट सिकाइस्तर प्रगतिमा रहेको बुझ्न सकिन्छ ।

## ५.६ अभिलेख तालिकीकरण :

कुनै पनि तथ्याङ्कलाई सरल,सहज र स्पष्ट रूपमा प्रस्तुत गर्नुलाई नै तालिकीकरण भनिन्छ । तालिकामा संकलित अभिलेखलाई छोटो र गहन ढंगबाट प्रस्तुत गर्न सकिन्छ । यो बढीमात्रामा विश्वसनीय मानिन्छ । त्यसैले प्रस्तुत शोधमा पूर्वपरीक्षणको अवस्थादेखि निरन्तर रूपमा भाषिक मूल्याङ्कन गर्ने क्रममा पाठगत रूपमा प्राप्त उपलब्धिको स्तरलाई समेत तलको तालिकाद्वारा स्पष्ट रूपमा देखाइएको छ ।

## अभिलेख तालिकीकरण

| ९० | पूर्वपरीक्षण | प्रथम त्रैमासिक परीक्षा |
|---|---|---|
| ८० | | |
| ७० | | |
| ६० | | |
| ५० | | |
| ४० | | |
| ३० | | |
| २० | | |
| १० | | |

## ५.७ सारांश :

निरन्तर विद्यार्थी मूल्याङ्कन शैक्षिक क्षेत्रमा एउटा महत्त्वपूर्ण प्रणालीको रूपमा रहेको छ, तर फरक के छ भने सिद्धान्तमा भएका कुरालाई जबसम्म व्यवहारमा लागू गरिदैन तबसम्म प्रभावकारी शिक्षण सिकाई भनाइमा मात्र सीमित हुन पुग्दछ । विद्यार्थीको मूल्याङ्कन गर्दा उनीहरुको क्षमता, स्तर, तह, स्थिति, समयावधि, उपस्थिति, सरसफाइ, अनुशासन, अतिरिक्त क्रियाकलापमा सहभागिता आदि विभिन्न आधारहरूलाई लिन सकिन्छ। यसमा विद्यार्थीको उपलब्धि थाहा पाउन पूर्वपरीक्षण गरिन्छ । यसपछि आफूले आवधिक रूपमा अथवा पाठगत रूपमा उनीहरुको दैनिक उपलब्धिको स्तरलाई मूल्याङ्कन गरिन्छ । आवधिक मूल्याङ्कन गर्दा कक्षाकार्य, गृहकार्य, अवलोकनलाई आधार मानिएको छ । पूर्वपरीक्षणदेखि लिएर प्रथम त्रैमासिक परीक्षासम्ममा विद्यार्थीको सिकाइ स्तरमा गुणात्मक परिवर्तन आएको तथ्य माथिको दण्डारेखले पनि पुष्टि गरेको छ ।

# अध्याय- छ

# पूर्वपरीक्षण र उत्तर परीक्षणको तुलनात्मक अध्ययन

## ६.१ पाठगत रूपमा गरिएको अध्ययनको विवरण :

प्रथम त्रैमासिक परीक्षा समाप्तिसँगै पुनः शिक्षण सिकाइ कार्यकलापलाई अगाडि बढाइयो । यसरी शिक्षण गर्ने क्रममा पूर्वपरीक्षणपछि शिक्षण गर्दा विद्यार्थीहरूमा के कस्ता कमजोरी देखिए, कुन कुन पक्षमा विद्यार्थीहरू कमजोर छन् भन्ने कुरा शोधार्थीलाई ज्ञान हुदै गयो । अतः विद्यार्थीका सबल पक्षलाई प्रोत्साहन र दुर्वल पक्षलाई सुधारतर्फ प्रेरित गर्दै प्रत्येक पाठबाट कक्षाकार्य, गृहकार्य र अवलोकनका लागि पूर्ववत्  २०, १५, १५ पूर्णाङ्क गरी ५० पूर्णाङ्क बराबरको परीक्षा लिई अभिलेख राखिएको छ । कक्षाकार्य र गृहकार्यका हकमा शोधार्थीले प्रत्यक्ष शिक्षण गरी उनीहरूले कापीमा गरेका अभ्यास कक्षाकार्य तथा गृहकार्यलाई अङ्क प्रदान गरी अभिलेख राखिएको छ ।

### तालिका नं ७

### 'कृषिमल' पाठबाट विद्यार्थीले हासिल गरेको विवरण

मापदण्ड, कक्षाकार्य, गृहकार्य, अवलोकन

| क्र.सं. | विद्यार्थीको नाम थर | कक्षाकार्य | | गृहकार्य | | अवलोकन | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
| १ | केशव तामाङ | ५० | १४ | १५ | १२ | १५ | १० | ७२% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | चन्द्र तामाङ | ५० | १४ | १५ | ११ | १५ | १० | ७०% |
| ३ | प्रकाश क्षेत्री | ५० | १३ | १५ | १० | १५ | ११ | ६८% |
| ४ | शारदा थारू | ५० | १४ | १५ | १० | १५ | ९ | ६६% |
| ५ | सङ्गीता महतो | ५० | १० | १५ | ८ | १५ | १० | ५६% |
| ६ | बल बहादुर थापा | ५० | ११ | १५ | ११ | १५ | १० | ६४% |
| ७ | टिका राना | ५० | १२ | १५ | ९ | १५ | ८ | ५८% |
| ८ | अमृता खत्री | ५० | १३ | १५ | १० | १५ | ९ | ६४% |
| ९ | राम वि.क. | ५० | १२ | १५ | ९ | १५ | ८ | ५८% |
| १० | अस्लम अली | ५० | १० | १५ | ८ | १५ | ९ | ५४% |

पाठगत रूपमा लिइएको परीक्षामा पाठको प्रकृति र सिकारूको अवस्थाअनुसार मिश्रित नतिजा प्राप्त हुनुलाई अस्वाभाविक मानिदैनँ । सिकाइ कार्यकलाप अत्यन्त संवेदनशील कार्य पनि भएको हुँदा प्रथम त्रैमासिक परीक्षापछि लिइएको यस पाठबाट प्राप्त नतिजालाई माथिको तालिकामा देखाइएको छ । तालिका अनुसार ५० प्रतिशत भन्दा कम अङ्क कुनै पनि विद्यार्थीको नदेखिनुलाई सकारात्मक मान्नैपर्छ । यहाँ सर्वाधिक अङ्क ७२ देखिन्छ भने न्यूनतम अङ्क ५४ हो । यहाँ ६ जना विद्यार्थीहरूले ६० प्रतिशत भन्दा धेरै अङ्क प्राप्त गरेका छन् ।

## तालिका नः ८

## 'पितासँग पुत्रको आग्रह' पाठबाट विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको विवरणः

मापदण्ड : कक्षाकार्य, गृहकार्य, अवलोकन

| क.स | विद्यार्थीको नाम | कक्षाकार्य | गृहकार्य | अवलोकन | प्रतिशत |
|---|---|---|---|---|---|

| | | पू. | प्रा. | पू. | प्रा. | पू. | प्रा. | |
|---|---|---|---|---|---|---|---|---|
| १ | केशव तामाङ | २० | १३ | १५ | १२ | १५ | १० | ७०% |
| २ | चन्द्र तामाङ | २० | १३ | १५ | १२ | १५ | ११ | ७२% |
| ३ | प्रकाश क्षेत्री | २० | १५ | १५ | ११ | १५ | १० | ७२% |
| ४ | शारदा थारू | २० | १४ | १५ | ११ | १५ | १० | ७०% |
| ५ | सङ्गीता महतो | २० | १५ | १५ | १० | १५ | १० | ७०% |
| ६ | बल बहादुर थापा | २० | १४ | १५ | १० | १५ | ११ | ७०% |
| ७ | टिका राना | २० | १० | १५ | ९ | १५ | ९ | ५६% |
| ८ | अमृता खत्री | २० | १२ | १५ | ९ | १५ | १० | ६२% |
| ९ | राम वि.क. | २० | १३ | १५ | १० | १५ | ८ | ६२% |
| १० | अस्लम अली | २० | १२ | १५ | ९ | १५ | १० | ६२% |

माथिको तालिकामा सर्वाधिक अङ्क दुई जनाले प्राप्त गरेका छन् । ७० प्रतिशतभन्दा माथि अङ्क छ जनाको रहेको छ । तीन जनाले ६० प्रतिशतभन्दा धेरै अङ्क हासिल गरेका छन् । १ जनाको ५६ प्रतिशत अङ्क रहेको छ ।

## तालिका नं. ९

## डुहुरे मुसा र सेतो विरालो पाठबाट विद्यार्थीले हासिल गरेका सिकाइ उपलब्धिको विवरणः

मापदण्ड : कक्षाकार्य, गृहकार्य, अवलोकन

| क.स | विद्यार्थीको नाम | कक्षाकार्य | | गृहकार्य | | अवलोकन | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | पूर्णाङ्क | प्राप्ताङ्क | |
| १ | केशव तामाङ | २० | १६ | १५ | १२ | १५ | १२ | ८०% |
| २ | चन्द्र तामाङ | २० | १७ | १५ | ११ | १५ | ११ | ७८% |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | प्रकाश क्षेत्री | २० | १६ | १५ | १२ | १५ | १० | ७६% |
| ४ | शारदा थारू | २० | १६ | १५ | ११ | १५ | ११ | ७६% |
| ५ | सङ्गीता महतो | २० | १४ | १५ | १० | १५ | १० | ६८% |
| ६ | बल बहादुर थापा | २० | १६ | १५ | ११ | १५ | ११ | ७६% |
| ७ | टिका राना | २० | १५ | १५ | ११ | १५ | ११ | ७४% |
| ८ | अमृता खत्री | २० | १४ | १५ | १२ | १५ | १० | ७२% |
| ९ | राम वि.क. | २० | १३ | १५ | ११ | १५ | ९ | ६६% |
| १० | अस्लम अली | २० | १२ | १५ | १० | १५ | १० | ६४% |

माथिको तालिकामा देखाएअनुसार विद्यार्थीको सिकाइ क्षमतामा क्रमिक रूपले सुधार हुँदै गएको देखिन्छ । डुहुरे मुसा र सेतो विरालो कथा शिक्षणपश्चात् विद्यार्थीमा देखिएको उपलब्धिस्तर हेर्दा अन्य पाठका तुलनामा यहाँ उच्च नतिजा देखिएको छ । यहाँ न्यूनतम अङ्क ६४ हो भने सर्वाधिक अङ्क ८० देखिन्छ । यहाँ सबै विद्यार्थीहरूले ६० प्रतिशतभन्दा माथि अङ्क प्राप्त गरेका छन् ।

## ६.२. सारांश

कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्ने क्रममा पूर्वपरीक्षणदेखि लिएर यहाँसम्म आइपुग्दा विद्यार्थीहरूले सिकाइ क्षमतामा उल्लेख्य वृद्धि गरेको देख्न सकिन्छ । प्रत्येक पाठको अध्यापनसँगै कक्षाकार्य, गृहकार्य दिई निश्चित अङ्क प्रदान गर्दै त्रुटिहरूप्रति विद्यार्थीलाई सचेत बनाउदै जाँदा अधिकांश विद्यार्थीहरूमा सिकाइप्रति रूचि बढ्नुका साथै प्रतिस्पर्धाको भावना समेत जागृत भएको पाइएको छ । अवैज्ञानिक मूल्याङ्कन प्रणालीबाट विद्यार्थीमा पर्ने नकारात्मक प्रभाव न्यून गरी विद्यार्थीको रूचि र प्रकृतिअनुरूप शिक्षण गरी निरन्तर मूल्याँकन गर्ने परिपाटी व्यावहारिक रूपमा लागू गर्न सके कोमल मष्तिष्क लिएका सिकारूहरूका भविष्यमा अन्धकारको कालो बादल मडारिने मौका पाउने थिएन ।

## ६.३ उत्तर परीक्षण

मूल्याङ्कनको प्रमुख माध्यम परीक्षा हो र साधन प्रश्नपत्र हो । निश्चित समय श्रम र स्रोत उपयोग गरी सिकाइशिक्षण कार्यकलाप सम्पन्न भएपछि सिकारुहरूले अपेक्षित उपलब्धि हासिल गरे वा गरेनन् भन्ने कुराको निक्यौंल गर्न पनि परीक्षा अपरिहार्य हुन्छ । यस अध्ययनका क्रममा आवधिक परीक्षा पश्चात् राष्ट्रिय स्तरका प्रश्न निर्माण गरी श्री ज्ञानोदय रात्रि माध्यमिक विद्यालयका कक्षा ६ मा अध्ययनरत सम्पूर्ण (१० जना) विद्यार्थीहरूलाई ९० दिन सम्म शिक्षण गरी मिति २०६७/०७/१० गतेका दिन उत्तर परीक्षण गरियो । यो परीक्षण पनि पूर्वपरीक्षण र प्रथम त्रैमासिक परीक्षाको ढाँचामा गरिएको हो । उत्तर परीक्षणबाट प्राप्त अङ्कलाई निम्न तालिकामा देखाइएको छ ।

### तालिका न.१०

### उत्तर परीक्षणबाट प्राप्त नतिजाको विवरण :

| क.स | नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | केशव तामाङ | ५० | ३३ | ६६% |
| २ | चन्द्र तामाङ | ५० | ३५ | ७०% |
| ३ | प्रकाश क्षेत्री | ५० | ४२ | ८४% |
| ४ | शारदा थारू | ५० | ३६ | ७२% |
| ५ | सङ्गीता महतो | ५० | ३५ | ७०% |
| ६ | बल बहादुर थापा | ५० | ३२ | ६४% |
| ७ | टिका राना | ५० | २६ | ५२% |
| ८ | अमृता खत्री | ५० | २२ | ४४% |

| | | | | |
|---|---|---|---|---|
| ९ | राम वि.क. | ५० | १२ | २४% |
| १० | अस्लम अली | ५० | २१ | ४२% |

यस उत्तर परीक्षणमा सर्वाधिक अङ्क ८४ प्रतिशत रहेको छ । ६ जना विद्यार्थीहरूले ६० प्रतिशतभन्दा माथि अङ्क ल्याएका छन् । दुई जना विद्यार्थीहरूले ४० प्रतिशतभन्दा माथि अङ्क ल्याएका छन् भने अनुत्तीर्ण सङ्ख्या एक रहेको छ ।

## ६.४ पूर्व परीक्षण र उत्तर परीक्षणको तुलनात्मक अध्ययन

शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाएर सिकारूको अभिक्षमता वृद्धि गर्न निरन्तर मूल्याङ्कन एक महत्वपूर्ण प्रणालीका रूपमा स्थापित हुने यथार्थ  माथिका विभिन्न तथ्य तथा तालिकाबाट सिद्ध भएको छ। निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गरेर शिक्षण गर्नुपूर्व गारिएको पूर्वपरीक्षण र शोध प्रयोजनार्थ गरिएको निरन्तर मूल्याङ्कन पछि सिकारूमा आएको परिवर्तन निम्न तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

### तालिका नं. ११

### पूर्वपरीक्षण र उत्तर परीक्षणको तुलना

| **क्र.स** | **विद्यार्थीको नाम** | **पूर्वपरीक्षाको प्राप्ताङ्क प्रतिशत** | **उत्तर परीक्षाको प्राप्ताङ्क प्रतिशत** | **वृद्धि अङ्क** |
|---|---|---|---|---|
| १ | केशव तामाङ | ४८ | ६६ | १८ |
| २ | चन्द्र तामाङ | ३२ | ७० | ३८ |
| ३ | प्रकाश क्षेत्री | ६४ | ८४ | २० |

| | | | | |
|---|---|---|---|---|
| ४ | शारदा थारू | ५८ | ७२ | १४ |
| ५ | सङ्गीता महतो | ४२ | ७० | २८ |
| ६ | बल बहादुर थापा | ३८ | ६४ | २६ |
| ७ | टिका राना | ३० | ५२ | २२ |
| ८ | अमृता खत्री | ३४ | ४४ | १० |
| ९ | राम वि.क. | १४ | २४ | १० |
| १० | अस्लम अली | २६ | ४२ | १६ |

माथिको तालिकामा प्रस्तुत गरिएको विवरण पूर्वपरीक्षण र उत्तर परीक्षणको तुलनात्मक विवरण हो । यस तालिकालाई हेर्दा पूर्वपरीक्षणमा सबैभन्दा बढी आएको अङ्क ६४ प्रतिशत र कम आएको अङ्क १४ प्रतिशत हो । त्यसैगरी उत्तर परीक्षणमा सबैभन्दा बढी आएको अङ्क ८४ प्रतिशत हो र कम आएको अङ्क २४ प्रतिशत हो । यसरी पूर्वपरीक्षणको तुलनामा उत्तर परीक्षणको नतिजालाई हेर्दा विद्यार्थीले निकै सुधार गरेको देखिन्छ । विशेष कारणवश एक विद्यार्थी अनुत्तीर्ण भए पनि तुलनात्मकरूपमा हेर्दा सुधार भएको देखिन्छ ।

## ६.५ सारांश

निश्चित अवधिसम्म भाषाशिक्षण गरेपछि सिकारुले हासिल गरेका उपलब्धिहरू मूल्याङ्कन गर्ने विभिन्न माध्यम मध्ये निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गरी प्राप्त नतिजालाई पूर्ववर्ती अध्यायहरूमा चर्चा गरिएको छ । निरन्तर मूल्याङ्कनका माध्यमबाट सिकाइ शिक्षण क्रियाकलापलाई गति दिने हो भने अवश्य पनि सिकारूमा उल्लेख्य सुधार

आउँछ भन्ने तथ्य तुलनात्मक विश्लेषणलाई दृष्टिगत गर्दा स्पष्ट हुन्छ । यस शोधमा कक्षा छ मा अध्ययनरत सम्पूर्ण (१०जना) विद्यार्थीहरूबाट सामग्री संकलन गरी पूर्व निर्धारित सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । विद्यार्थीहरूको आवधिक मूल्याङ्कन गर्दा निम्न आधारमा परीक्षा संचालन गरिएको थियो ।

क) लिखित परीक्षाः लामो उत्तर, छोटो उत्तर , एक वाक्यात्मक उत्तर आउने ।

ख) कक्षा कार्य : यस अन्तर्गत कक्षा कोठामै सम्पन्न बोध प्रश्न, प्रश्नोत्तर, शब्दार्थ, सस्वर वाचन(लिखित र मौखिक) ।

ग) गृहकार्य : कक्षा शिक्षण तथा कक्षा कार्यमा सिकेका सीपलाई थप बल प्रदान गर्न दिइएका भाषिक सीप सम्बद्ध विविध कार्य ।

घ) अवलोकन : यस अन्तर्गत विद्यार्थीको उपस्थिति, अनुशासन, शिक्षण सिकाइ कार्यकलापमा सहभागिता र सरसफाइ लाई विशेष ध्यान दिइएको छ ।

ङ) अतिरिक्त क्रियाकापमा सहभागिता ।

# अध्याय : सात

# निष्कर्ष र सुझाव

## ७.१. निष्कर्ष :

विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा परीक्षण प्रक्रियालाई महत्त्वपूर्ण कार्यका रूपमा लिनुपर्दछ ।  निश्चित समय, स्रोत र साधन उपयोग गरी शिक्षण सिकाइ कार्यकलाप संचालन गरिसकेपछि विद्यार्थीमा आएको परिवर्तन केवल लिखित परीक्षाबाट मात्र मूल्याङ्कन हुन नसक्ने ठहर गर्दै यस शोधमा निरन्तर मूल्याङ्कन प्रणाली अवलम्बन गरी प्राप्त उपलब्धिस्तर प्रस्तुत गरिएको छ ।

यस शोधलाई गति दिन प्रथमतः लु. अ. रुपन्देही जिल्लाको बु.न.पा. ७, पुल्चोक स्थित श्री ज्ञानोदय रात्रि मा.वि. कक्षा छ मा अध्ययनरत विद्यार्थीलाई प्रयोग समूह मानिएको छ ।  यस शोधको मुख्य उद्देश्य कक्षा शिक्षणका सहकार्यकलापका रूपमा गरिने कक्षाकार्य, गृहकार्य, मौखिक प्रश्नोत्तर, अवलोकन आदिलाई निश्चित पूर्णाङ्क तोकी अङ्क प्रदान गर्नु र भाषा सिकाइमा पर्ने प्रभावको अध्ययन गर्नु हो । निरन्तर मूल्याङ्कन प्रणालीलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अंग बनाएर व्यावहारिक कुशलताका साथ कार्यान्वयन गर्न सके यसले सिकाइको गतिलाई निश्चित तिब्रता दिन सक्ने यथार्थ शोधपत्रका पूर्ववर्ती अध्यायहरूमा प्रदर्शित विवरण तथा तुलनात्मक तालिकाहरूले प्रष्ट पारेका छन् । औसत विद्यार्थीहरूका सापेक्षतामा गरिने परम्परागत शिक्षण प्रणालीबाट उत्पन्न समस्या समाधान गर्न पनि निरन्तर मूल्याङ्कन प्रणालीले ठोस आधार प्रदान गर्ने यहाँ देखिएको छ । यस अध्ययनमा प्रयोग गरिएका सिकारुहरूको  सिकाइ उपलब्धि मूल्याङ्कन गर्दा पूर्व परीक्षणका तुलनामा प्रथम त्रैमासिक परीक्षामा सिकारुहरूले आफ्नो सिकाइ उपलब्धि बृद्धि गरेका छन्।

कक्षाकार्य र गृहकार्यलाई पनि निश्चित पूर्णाङ्क तोकी अङ्क प्रदान गर्दा अधिकांश सिकारूहरू उत्साहित हुँदै सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता जनाएको पनि पाइएको छ । तीन महिनाको अवधिपछि लिइएको उत्तर परीक्षणमा पूर्व परीक्षणको तुलनामा अत्यन्त राम्रो नतिजा विद्यार्थीहरूले प्राप्त गरेका छन् । विशेष कारणवश २ जना विद्यार्थीको कम अङ्क देखिए पनि सोही क्रममा सिकाइ क्रियाकलापलाई वार्षिकरूपमा गति दिने हो भने सिकारूहरू कमजोर नहुने तथ्य यहाँ स्पष्ट भएको छ ।

यसप्रकार निर्माणात्मक मूल्याङ्कनको महत्वपूर्ण पाटो निरन्तर मूल्याङ्कन प्रणाली अवलम्वन गरी शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्नु आजको महत्वपूर्ण आवश्यकता हो। अव्यवस्थित मूल्याङ्कन प्रणालीको शिकार भएर पढाइप्रति निष्क्रिय रहने, कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने समस्या समाधानार्थ निरन्तर मूल्याङ्कनलाई विद्यार्थी मूल्याङ्कनको अभिन्न अङ्क बनाएर कार्यान्वयनमा ल्याउनुपर्दछ । अनिमात्र शिक्षण कार्यले अपेक्षित गति लिन सक्दछ । शोधार्थीले छनोट गरेको विद्यालय पश्चिमाञ्चल विकास क्षेत्रकै एकमात्र रात्रि मा.वि भएको र त्यहाँ अध्ययनरत विद्यार्थी अत्यन्त गरिब, अधिकांश अभिभावक विहीन जसले साँझबिहान हातमुख जोर्नका लागि घरेलु कामदार, ज्यालादारी तथा गिटी फोर्ने जस्ता कार्य दिनहुँ गरी साँझ ४:३० देखि ८ बजेसम्म विद्यालयमा अध्ययनार्थ आउने हुँदा विद्यार्थी सङ्ख्या न्यून (१० जना मात्र) देखिएको हो । कतिपय विद्यार्थी नियमित नहुँदा सामग्री सङ्कलनमा समेत समस्या देखिएको थियो ।

## ७.२ सुझावहरु :

अध्ययन अध्यापन तथा अनुसन्धानका क्रममा अपेक्षित उद्देश्य प्राप्तिका लागि सञ्चालित विविध शिक्षणसिकाइ कार्यकलापका क्रममा देखिने दुर्बल पक्षहरू निराकरण गर्न निम्न सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

१) भाषाशिक्षण गर्ने परम्परागत पद्धतिले मात्र अपेक्षित गति लिन नसक्ने हुँदा समयानुकूल शिक्षण पद्धति अवलम्वन गर्नुपर्ने ।

२) भाषिक तत्व एकीकृत समग्रतामा प्रतिबिम्बित हुने हुँदा चक्रीय स्तरणमा ध्यान दिनु पर्ने ।

३) रचनात्मक मूल्याङ्कनलाई प्रोत्साहन दिई सिकारुका गलत सामान्यीकरणतर्फ सचेत रहनुपर्ने ।

४) दक्ष एवम् तालिम प्राप्त शिक्षकको प्रत्यक्ष निगरानीमा शिक्षण कार्य गरिनुपर्ने ।

५) निरन्तर मूल्याङ्कनमा विद्यार्थीको नियमित संलग्नता तथा शिक्षकको क्रियाशीलताको महत्वपूर्ण भूमिका रहने ।

६) सिकारुहरूलाई सकारात्मक पुनर्बल दिई सिकाइप्रति अभिप्रेरित गर्नु पर्ने ।

७) कक्षाशिक्षणका क्रममा उदासीन रहने विद्यार्थीलाई आवश्यकताअनुसार परामर्श दिने तथा पथप्रदर्शन गर्नुपर्ने ।

८) समय, स्रोत र साधनको उचित व्यवस्थापन गरी विद्यार्थी मूल्याङ्कन प्रक्रिया अगाडि बढाउनुपर्ने ।

९) शिक्षणसिकाइ प्रक्रियामा विविधता ल्याउनुपर्ने ।

१०) स्थानीय सेरोफेरोका शैक्षिक सामग्रीको अत्याधिक प्रयोग बाञ्छनीय हुने ।

११) विद्यार्थी मूल्याङ्कनका क्रममा उनीहरुको पूर्व स्तर , रुचि र क्षमतालाई विशेष ध्यान दिनुपर्ने ।

१२) सिकारूको स्तरअनुसारका अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने ।

१३) विद्यार्थीमा रहेको परीक्षा प्रतिको नकारात्मक धारणा र हतोत्साहित हुने प्रवृत्ति न्यून गर्न निरन्तर मूल्याङ्कनले सहयोग पुऱ्याउने ।

१४) यस शोधशीर्षकसँग सम्बन्धित अन्य पक्षको अध्ययनार्थ यसले सकारात्मक मार्गदर्शन गर्ने ।

## ७.३ शैक्षणिक प्रयोजन

१) यस प्रणालीले विद्यार्थीको मूल्याङ्कन निरन्तर रूपमा गर्ने हुँदा सिकारु र शिक्षक दुबैलाई सक्रिय बनाउँदछ ।

२) शिक्षण गरिएका सीपको तुरुन्त परीक्षण हुने हुँदा शिक्षकलाई सिकारुको शैक्षिक पृष्ठभूमि थाहा पाउन सहज हुन्छ ।

३) सिकारुका समस्या पत्ता लगाएर निराकरणात्मक शिक्षण पनि गर्न सकिन्छ ।

४) भाषाका चारै सीप मध्ये जो जुन पक्षमा कमजोर देखिन्छ सोही पक्षमा उसलाई अभ्यस्त बनाउन सकिन्छ ।

५) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई समग्र विद्यालयमा सञ्चालन गर्न सके यसले शैक्षिक क्षतिलाई कम गर्न ठूलो सहयोग पुऱ्याउने देखिन्छ ।

## ७.४ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

१) विद्यालय स्तरमा प्रयुक्त मूल्याङ्कन प्रणालीको प्रभावकारिताको अध्ययन ।

२) कथ्य भाषाले मानक लेख्य भाषा सिकाइमा पार्ने प्रभावको अध्ययन ।

३) अतिरिक्त क्रियाकलापले भाषासिकाइमा पार्ने प्रभावको अध्ययन ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६२ ।

............., **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०५७ ।

............., **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०६३ ।

अधिकारी, मिनप्रसाद **कक्षा तीनका विद्यार्थीहरुको नेपाली सिकाइको आवधिक प्रगति विवरणको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर २०६४ ।

ज.ब.रा., स्वयमप्रकाश र अन्य **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार २०५८ ।

जोशी, पुष्पराज **कक्षा नौ मा अध्ययनरत विद्यार्थीका सिकाइ प्रगति अभिलेख अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर २०६४ ।

ठकुरी, ऋतुसिंह **चितवन सहिद स्मृति माध्यमिक विद्यालय कक्षा आठका विद्यार्थीहरुको आवधिक प्रगति विवरणको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर २०६५ ।

थापा, तिलबहादुर **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको आवधिक प्रगति विवरणको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर २०६४ ।

पाठ्यक्रम विकास केन्द्र **निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय,** सानोठिमीः भक्तपुर २०५९ ।

पाठ्यक्रम विकास केन्द्र **निरन्तर विद्यार्थी मूल्याङ्कन तालिम,** सानोठिमी : भक्तपुर २०५९ ।

पाठ्यक्रम विकास केन्द्र **प्राथमिक तहमा नेपाली शिक्षण कसरी ? ,** सानोठिमी : भक्तपुर ।

पौडेल, सुरज **प्राथमिक तहमा नेपाली भाषिक मूल्याङ्कनका लागि प्रयोगमा ल्याइएका साधनहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर २०६० ।

बन्धु, चूडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : पुस्तक भण्डार, काठमाडौं २०५२ ।

भट्टराई, रामप्रसाद, **भाषिक अनुसन्धान विधि,** काठमाडौं : शुभकामना प्रकाशन , ताहचल, २०६५

भण्डारी, पारसमणि, **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण,** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज २०६३ ।

लम्साल, रामचन्द्र, **नेपाली भाषा शिक्षण,** काठमाडौं : भुँडिपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश, **नेपाली भाषा शिक्षण,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल, **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज, २०६० ।

# परिशिष्ट ‘ क ’

## पूर्वपरीक्षण

कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५०

समय : १:३० घन्टा उत्तीर्णाङ्क :१६

*नोट : सफा, शुद्ध र मौलिक उत्तरलाई विशेष प्राथमिकता दिइनेछ ।*

**१) कुनै तीन प्रश्नको संक्षिप्त उत्तर देऊ : १५**

क) हात्तीहरूलाई लखेट्न लम्बकर्णले कस्तो युक्ति निकाल्यो ?

ख) सामाजिक मेलमिलापका निम्ति के के कुरामा विचार पुऱ्याउनुपर्छ ?

ग) विद्यार्थी जीवनमा समाचारको के महत्व के हुन्छ?

घ) पातालगंगाको विशेषता के थियो ?

**२) दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो छरितो उत्तर देऊ : ४**

पाँच पाण्डव पिता पाण्डु, माता कुन्ती र माद्रीका पुत्र थिए । कुन्तीपुत्र युधिष्ठिर, भीम र अर्जुन तथा माद्री पुत्र नकुल र सहदेवमा आ-आफ्नो प्रकारको विशेषता थियो । युधिष्ठिरमा सत्य र आदर्श, भीममा शक्ति र साहस, अर्जुनमा सीप र जाँगर, नकुलमा ज्ञान र बुद्धि अनि सहदेवमा रूप र अनुशासन पर्याप्त थिए । यसकिसिमका विशेष गुणहरू उनीहरुले बाल्यकालमा परिश्रमपूर्वक अध्ययन गरेर हासिल गरेका थिए । आफ्नै शक्ति र बाहुवलको भरमा पाण्डवहरु ‘इन्द्रप्रस्थ’ नाम गरेको राज्य कायम गर्न सफल भए । यस किसिमको उन्नति उनीहरूकै काका धृतराष्ट्रका पुत्र कौरवहरूले देखिसहेनन् ।

**प्रश्नहरु :**

क. पाँच पाण्डव को को थिए ?

ख. पाण्डवहरूले कायम गरेको राज्यको नाम के हो ?

ग. उनीहरूको उन्नति कसले देखि सहेनन् ?

घ. कुन्तीका पुत्रहरू को को हुन् ?

**३. तलका शब्दहरूको अर्थ लेख :** २

पद, हावा, स्वच्छन्द, नारीशिक्षा

**४ वाक्यमा प्रयोग गर ।** २

स्वाहा हुनु, के खोज्छस् काना आँखो, थलचर, है

**५ उल्टो अर्थ दिने शब्द लेख ।** २

भित्र

देश

अग्ला

जन्म

**६ शुद्ध गरी लेख ।** २

मनीस विद्या, बुद्धिर बिवेक को खानी हो ।

**७ जोडा मिलाऊ ।** ३

| | |
|---|---|
| भाइ | लम्कन्छ |
| घोडा | हिँड्छ |

| | |
|---|---|
| हात्ती | हिनहिनाउँछ |

**८. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर : ५**

| | | |
|---|---|---|
| क. | भाइले मलाई माया गर्छ । | (स्त्रीलिङ्ग) |
| ख. | चरो उड्यो । | (बहुबचन) |
| ग. | गीता गीत गाउँछे । | (पुलिङ्ग) |
| घ. | उनीहरू कता गए । | (एकवचन) |
| ङ. | म घर जान्छु । | (दोस्रो पुरुष) |

**९ आफू विरामी भएको कुरा उल्लेख गरी विद्यालयका प्र. अ. लाई निवेदन लेख । ५**

**१० कुनै एकको व्याख्या गर । ५**

क) शक्ति छ प्रभुको अपरम्पार

घुम्दछ जसमा सब संसार

ख) एकतामा ठूलो बल हुन्छ ।

**११. समाचारपत्रको महत्व शीर्षकमा दुई पात्रबीचको कुराकानी तयार पार । ५**

# परिशिष्ट ‘ ख ’

## प्रथम त्रैमासिक परीक्षा

कक्षा : ६ विषय : नेपाली पूर्णाङ्क : ५०

समय १.३० घन्टा उत्तीर्णाङ्क

:१६

**१. तलका शब्दहरूको अर्थ लेख :** २

नाथ , खातखात , गुणी , पन ।

**२. वाक्यमा प्रयोग गर ।** २

सजाय, रात काट्नु, लगनशील, एकान्त

**३. शुद्ध गर ।** २

सुन्धर, रसायनीक, पानि, हीमाल

**४. तलका भूतकालिक क्रियापदलाई वर्तमानकालमा बदल ।** २

गयो :

मास्यो :

फूल्यो :

आउनुभयो :

**५. दिइएका संकेतका आधारमा वाक्य परिवर्तन गर ।** ४

क. राजन बजार गयो । (अकरण)

ख. भाइले मलाई माया गर्छ । (स्त्रीलिङ्ग)

ग. अनुपमले बैंकमा जागिर गर्छ । (भविष्यतकाल)

घ. किसान खेत खन्छ । (बहुबचन)

**६. ठीक बेठीक छुट्याऊ ।** २

क. मानिस र अरू प्राणीमा फरक पाइदैन ।

ख. हामीले वातावरण स्वच्छ राख्नु पर्दछ ।

ग. भौतिक भोग विलास जीवनको लक्ष्य होइन ।

घ. रासायनिक मल हाल्दा जरा र पातलाई छुवाउनुपर्छ ।

**७. तल दिइएका शब्द र विभक्ति मिलमएर वाक्य बनाऊ ।** २

क. ले पुरोहित गरे पाठ ।

ख. कुमारले लाई कुट्यो भाइ ।

ग. ओम ओछ्यानमा कोठाको छ ।

घ. हिजो पानी देखि परेको पऱ्यै छ ।

**८. तलको अनुच्छेद पढ र सोधिएका प्रश्नको छोटो उत्तर देऊ ।** ४

अज्ञानरुपी अन्धकारलाई हटाएर ज्ञानको ज्योति छर्ने व्यक्ति नै गुरु हुन् । गुरु हुने व्यक्तिमा विशेष दक्षताको खाँचो पर्दछ । ज्ञानवान् हुनुका साथै असल गुरुमा अध्यापन सीप र कला पनि उत्तिकै आवश्यक मानिन्छ । गुरु स्वयम् असल आचरणको पनि हुनु पर्दछ । त्यस्तै असल शिष्यमा पनि केही असल गुणहरू हुन्छन् । त्यस्ता शिष्यका सम्बन्धमा कौटिल्यले भनेका छन् । सेवाको भावना, अरुका कुरा सुन्ने सावधानी र ज्ञान ग्रहण गर्न सक्ने क्षमता भएका शिष्यलाई असल रूपमा लिइन्छ । कुने पनि कुरा जान्नमा रुचि देखाउनु, समसामयिक विषयमा विचार र छलफल गर्नु राम्रा शिष्यमा हुने महत्वपूर्ण गुण हुन् । यस किसिमका विशेष गुण भएका शिष्यलाई प्रदान गरिएको शिक्षा नै सफल हुन्छ । यसबाट कुनै भाषा फरर्र बोल्नु र प्रमाण पत्रहरू बटुल्नु अनि पुस्तक खरर्र पढ्नु मात्र विद्या पाएको लक्षण होइन भन्ने कुरा बुझ्न सकिन्छ ।

क. गुरु कस्ता व्यक्ति हुन् ?

ख. असल शिक्षामा के कस्ता गुण हुनु आवश्यक छ ?

ग. वास्तवमा गुरु स्वयम् कस्तो हुनुपर्दछ ?

घ. दक्षता र लक्षण शब्दका अर्थ लेख ।

**९. आफ्नो पढाइ र घरायसी कुराहरू समावेश गरी आफ्ना साथीलाई चिठी लेख । ५**

**१०. तलका कुनै तीन प्रश्नहरूका उत्तर लेख । १५**

क. कवि भानुभक्तले देशका लागि कस्तो सेवा गरे ?

ख. भिक्षुका कथामा के विशेषता पाइन्छ ?

ग. ठूले र साने आखिरमा किन मिल्नु पऱ्यो ?

घ. प्राङ्गारिक मल कसरी बनाइन्छ ?

**११. व्याख्या गर कुनै एकको मात्र । १०**

क. सुरमुनिदेखि भुसुनासम्म

प्रभु नै सबका घटमा टम्म ।

ख. सामाजिक मेलमिलापको स्थितिले नै मानिस सभ्य कहलाउँछ ।

# परिशिष्ट ‘ ग ’

## उत्तरपरीक्षण

कक्षा : ६　　　　विषय : नेपाली　　　　पूर्णाङ्क : ५०

समय १.३० घन्टा　　　　उत्तीर्णाङ्क :१६

**१. तलका शब्दहरूको अर्थ लेख ।** ४

गुँद, दाउ, प्रगति, रुखो

**२. वाक्यमा प्रयोग गर ।** ५

कुलेलाम ठोक्नु, अलमल, हात्तीको मुखमा जिरा, पो, चिटिक्क

**३. तलका शब्दका शुद्ध रूप लेख ।** ४

कबीता, येकनाश, भासा, हृदय

**४. कोष्ठकबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर ।** २

क. आँखाको पर्यायवाची शब्द .................. हो । (नयन, अयन, कान)

ख. भित्रको उल्टो अर्थ दिने शब्द............. हो । (माथि, तल, बाहिर)

ग. पानीको सानो बुझाउने शब्द ........... हो । (असिना, थोपो, तुर्को)

घ. ............ अनेक अर्थ दिने शब्द हो । (तर, घर, खर)

**५. दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर ।** **५**

क. राम घर जान्छ । (स्त्रीलिङ्ग)

ख. भाइले भात खायो । (वर्तमान काल)

ग. सुनिता गृहकार्य गर्छिन् । (भविष्यत काल)

घ. मेरो किताब हरायो । (बहुबचन)

ङ. ऊ खेल्न गयो । (प्रथम पुरुष)

**६. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको छोटो उत्तर देऊ ।**

भवानी भिक्षुमा अवधी, हिन्दी, उर्दू, अङ्ग्रेजी, संस्कृत, बङ्गाली र नेपाली भाषाको राम्रो ज्ञान थियो । उनको मातृभाषा चाहिँ अवधी हो । आरम्भमा उिनी हिन्दी साहित्यतर्फ आकर्षित भएका थिए र बाह्र वर्षकै उमेरमा 'प्रताप' भन्ने पत्रिकामा उनले आफ्नो हिन्दी कविता पनि छपाएका थिए । उनले 'उर्दू'मा पनि कविता र कहानीहरू लेखेका थिए । केही कथा र धेरै कविताहरू पत्रपत्रिकामा प्रकाशित गरेर कम उमेरमै भिक्षु हिन्दी साहित्यका पाठकहरूका बीच परिचित भएका हुन् ।

**प्रश्नहरू :**

क. भिक्षु कुन-कुन भाषाका ज्ञाता थिए ?

ख. भिक्षुको मातृभाषा के थियो ?

ग. भिक्षुले कुन पत्रिकामा कविता छपाएका थिए ?

घ. मातृभाषा र पाठक शब्दका अर्थ लेख ।

**७. कुनै एकको व्याख्या गर ।** **५**

क. नाना विभक्त जन जो अविभक्त पारी

सेवा गऱ्यो अटल यो गनिनेछ भारी

ख. सेतो बिरालोको कालो चाला ।

**८. कुनै ३ प्रश्नको छोटो उत्तर देऊ । १५**

क. डुहुरे मुसाहरू सेतो बिरालोलाई लखेट्न कसरी सफल भए ?

ख. माटोको उर्वरा शक्ति भनेको के हो ?

ग. ठुले र साने मध्ये तिमीलाई कुन चाहिँ बुद्धिमान् लाग्यो र किन ?

घ. समाजलाई सिंगार्न कस्ता गुणहरू आवश्यक हुन्छन् ?

**९. भर्खरै चुरोट खान सिक्दै गरेको साथीलाई 'धुम्रपानले लिन्छ ज्यान' भन्ने भनाइको आशय खुलाएर चिठी लेख । ५**

**समाप्त**